# नेपालमा खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासन सहयोगी कानुनी व्यवस्था

FEDWASUN

# नेपालमा खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासन
# सहयोगी कानुनी व्यवस्था

**प्रकाशक : खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल**

सर्वाधिकार © : प्रकाशक

यस पुस्तिकामा प्रकाशित सामग्रीहरू शैक्षिक प्रयोजनको लागि वा मुनाफा नकमाउने उद्देश्यले प्रकाशक/सम्पादकको नाम साभार गरी आंशिक रूपमा पुनः प्रकाशन/प्रशारण गर्न सकिने छ। त्यस्तो प्रकाशनको एक प्रति यो पुस्तक प्रकाशकको जानकारीका लागि उपलब्ध हुने अपेक्षा राखिन्छ।

**सम्पादन** : दिलराज खनाल, बालकृष्ण पोखेल र वेदव्यास लामिछाने

**प्रकाशन मिति** : पौष, २०७१

**प्रकाशन प्रति** : १००० प्रति

**प्रकाशन सहयोग** : जलस्रोत व्यवस्थापन कार्यक्रम
हेल्भेटास स्वीस इन्टरकोअपरेशन, नेपाल

**खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल**
केन्द्रिय कार्यालय, जेसीसमार्ग, थापाथली, काठमाण्डौ
फोन नं. ०१-४२४९७२०, फ्याक्स नं. ०१-४२४५७३९
पोष्ट बक्स नं. १९९८०
इमेल : info@fedwasun.org
वेबसाइट : www.fedwasun.org

# प्रकाशकीय

सबै नेपाली नागरिकलाई गुणस्तरयुक्त र पर्याप्त खानेपानी तथा प्रभावकारी सरसफाइमा पहुँच पुऱ्याउनका लागि राज्य, समुदाय र सरोकारवालाहरूको प्रतिवद्धता रहँदै आएको छ । यसका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा विभिन्न कानुन, नीति तथा योजनाहरू तर्जुमा हुँदै आएका छन् भने सबै पक्षबाट साझा प्रतिवद्धता पनि जाहेर हुँदै आएका छन्, जुन कुरा आफैँमा सकारात्मक रहेको छ ।

खानेपानी तथा सरसफाइको क्षेत्रमा सुशासनका लागि पारदर्शिता, समावेशीकरण, समन्याय, सञ्चार जस्ता मान्यता र जवाफदेहिता, कार्यकुशलता, उत्तरदायित्व र स्थायित्व जस्ता विषयमा गरिएका कानुनी व्यवस्थाको निकै महत्व रहेको हुन्छ । त्यस्तै खानेपानी तथा सरसफाइका क्षेत्रमा एकीकृत स्रोत व्यवस्थापन पद्धतिको विकासले पनि सुशासनमा प्रभावकारिता आउँछ । यसका लागि खानेपानी तथा सरसफाइमा सुशासनका लागि विद्यमान कानुनी व्यवस्थाको समीक्षा गर्ने र खानोपानी तथा सरसफाइ उपभोक्ताहरूको क्षमता अभिवृद्धिमा जोड दिनु आवश्यक रहेको हुन्छ ।

त्यसैले खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपालले खानेपानी तथा सरसफाइका क्षेत्रमा सुशासन कायम गर्नका लागि क्षमता अभिवृद्धि लगायतका विभिन्न पहलहरू गर्दै आएको छ। यस्तै पहलहरू मध्ये यो पुस्तिकाको प्रकाशन पनि एक हो, जसले खानेपानी तथा सरसफाइको क्षेत्रमा सुशासनका लागि सरकार, समुदाय र सरोकारवालाहरूको के कस्तो भूमिका, जिम्मेवारी र जवाफदेहिता रहेको छ भन्ने बारेमा स्पष्ट हुन मद्दत गर्नेछ भन्ने अपेक्षा गरिएको छ । यसमा सुधारका लागि यहाँहरूको सुझावको अपेक्षा गरिन्छ ।

यो पुस्तिका तयारी तथा प्रकाशनका लागि सहयोग गर्नुहुने जलश्रोत व्यवस्थापन कार्यक्रम हेल्भटास नेपाल, मुख्य सम्पादक दिलराज खनाल, सम्पादनमा संलग्न यस महासंघका बालकृष्ण पोखेल र बेदब्यास लामिछाने तथा सम्बन्धित सबै संघ संस्था र व्यक्तिहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**राजेन्द्र अर्याल**
राष्ट्रिय अध्यक्ष

नेपाल सरकार
# राष्ट्रिय योजना आयोगको सचिवालय
( पूर्वाधार विकास महाशाखा )

पो.ब.नं.:१२८४
फोन नं.: ४२११७५७
फ्याक्स : ४-२११७००
इमेल :

सिंहदरबार काठमाडौं, नेपाल

admin@npcnepal.gov.np
पत्र संख्या : - २०७१/७२
च.नं. ७११

मिति : २०७१।०९।०७

## शुभकामना

पानी मानिसको प्राणाधार हो भने सरफाइ स्वास्थ्य बन्ने उपाय । विकासशील मुलुकहरुले सुरक्षित तथा भरपर्दो खानेपानीको अभावमा स्वास्थ्य समस्याको सामना गरिरहेका छन् भने खानेपानीको समुचित व्यवस्थापन र समन्यायिक वितरण चुनौतिपूर्ण रहदै आएको छ । समकालीन विश्वमा खानेपानी तथा आधारभूत सरसफाइका विषयलाई नैसर्गिक अधिकारको रुपमा स्थापित गर्न नसकिएकाले यससम्बन्धी तनावहरु पनि बढ्दै गएका छन् भने मानव विकासका सबै पक्ष प्रभावित हुँदै आएको छ । त्यसैले खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासन कायम गर्नु स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय सबै तहमा उत्तिकै आवश्यक छ ।

खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल (फेडवासन) जस्ता नागरिक समाजका अङ्गहरुले खानेपानी तथा सरसफाइ प्रवर्द्धन गरी सर्वसाधारणको सरोकारलाई संवोधन गर्न सचेतना, सहजीकरण, सेवा प्रवाह, क्षमता विकास, विवाद समाधान, एवम् नीति पैरवी जस्ता कार्य गरी सुशासनलाई संस्थागत गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छन् । फेडवासनले केही समयदेखि खानेपानी र सरसफाइ क्षेत्रमा नेपाल सरकारका लक्ष्यहरु पूरा गर्न महत्वपूर्ण साझेदारी गर्दै आएको छ । यसले सर्वसाधारण र सरकारबीचको सम्बन्ध सेतुको भूमिका पनि खेलिरहेको छ भने खानेपानी र स्वच्छता प्रवर्द्धन गर्न स्थानीय समुदायको क्षमता विकासमा पनि सघाएको छ । फेडवासनको प्रयास र हेल्भेटास नेपालको सहयोगमा प्रकाशन हुन लागेको प्रस्तुत *'नेपालमा खानेपानी तथा सरफाइ क्षेत्रमा सरसफाइ सुशासन सहयोगी कानुनी व्यवस्था'* ले एकै पुस्तकको माध्यमबाट खानेपानी तथा सरसफाइका धेरै विषयको तिर्खा मेट्न सक्ने देखेको छु । यस प्रयासका लागि राष्ट्रिय योजना आयोगको सचिवालय र मेरो व्यक्तिगत तर्फबाट फेडवासन र हेल्भेटास नेपाललाई धन्यवादका साथै आगामी दिनमा अझै प्रभावकारी भूमिका खेल्न सकोस भन्ने शुभकामना दिन चाहन्छु ।

गोपीनाथ मैनाली
सह सचिव,

**"सुशासन र सदाचारः निजामती सेवाको आधार"**

नेपाल सरकार

# सहरी विकास मन्त्रालय

(.....खानेपानी तथा वातावरण महा.. शाखा)

फोन नं.: ४२११६९३, ४२११८८३, ४२११६७३
फ्याक्स : ९७७-१-४२११८७३
: ९७७-१-४२००२४६
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०७१/६८
चलानी नं.:- ९९

मिति:- २०७१/०९/९

## शुभकामना

मुलुकभर छरिएर रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुलाई आफ्नो संजालमा एकवद्ध गर्दै खानेपानी सरसफाइ तथा स्वच्छता प्रवर्धनमा नागरिक समाजको प्रतिनिधित्व मार्फत योगदान पुऱ्याइरहेको खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालले नेपालमा खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासन सहयोगी कानुनी व्यवस्था नामक पुस्तिका प्रकाशनमा ल्याउन लागेकोमा अत्यन्त खुशी लागेको छ । यस प्रसंशनीय कार्यले खानेपानी सरसफाइ तथा स्वच्छता प्रवर्धनमा सुशासनको पैरवी गर्न र भावी दिनहरुमा कसरी सुशासन कायम गरी आम उपभोक्ताले पूर्ण सन्तुष्टि हुने गरी सेवा प्राप्त गर्न सक्छन् भन्ने विषयमा पनि नयाँ विचार र विश्लेषणहरुको श्रृंखला जनसमक्ष ल्याउने छ । यसको लागि म खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालका सबै मित्रहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

सन् २०१७ सम्म सम्पूर्ण नेपालीलाई आधारभूत सेवा स्तरको खानेपानी र आधारभूत सरसफाइ (शौचालयमा पहुँच) सेवा पुऱ्याउने राष्ट्रिय लक्ष्यका साथ खानेपानी सरसफाइ र स्वच्छता क्षेत्र अगाडी बढि रहेको र उल्लेख्य प्रगति पनि हासिल भैरहेको सन्दर्भमा थप उपलब्धि हासिल गर्न सरकार, नीजि क्षेत्र र नागरिक समाजको सार्थक सहभागिता र साझेदारीको सदा अपेक्षा गर्नु पर्दछ ।

खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालले नागरिक समाजको तर्फबाट खानेपानी तथा सरसफाई र स्वच्छता क्षेत्रलाई पारदर्शी, जवाफदेही र सहभागीतामूलक बनाउने कार्यमा आफ्नो तर्फबाट सदा योगदान गरी रहोस् यही शुभ कामना व्यक्त गर्न चाहान्छु ।

यस प्रकाशन जस्तै अन्य प्रकाशनहरुको लागि समेत अग्रिम शुभकामना प्रकट गर्दछु ।

धन्यवाद

.....
रामचन्द्र देवकोटा
सह-सचिव

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

फोन ४२००००० ४२००२८१ ४२००२९७ ४२००२९९

पत्र संख्या:- यो।०७१।७२

चलानी नं.:- २५७

मिति : २०७१।९।८

# शुभकामना

खानेपानी र सरसफाइ मानव जीवनका लागि जीवनदायी शक्ति हुन । नगारिक तहसम्मको सचेतनाबाट यी दुई विषयको महत्व स्थापित भई नागरिक समाज लाभान्वित हुन सक्दछ । पछिल्ला वर्षहरुमा नेपालमा खानेपानी तथा सरसफाइका क्षेत्रमा सामुहिक प्रयासहरु उत्साहजनक रुपमा भैरहेका छन् र प्राप्त नतिजाहरु पनि उपलब्धिमूलक भएका छन् । खुला दिशामुक्त क्षेत्रको घोषणा तीनै प्रयासहरु मध्ये उत्साह बढाउने र उत्प्रेरणा जगाउने एक सफल अभियान हो ।

खानेपानी तथा सरसफाइका क्षेत्रमा सचेतना बढाउने, पैरवी गर्ने र निगारानी राख्ने कार्यमा लागिरहेको खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपालले रचनात्मक कार्यको रुपमा **"नेपालमा खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासन सहयोगी कानूनी व्यवस्था"** विषयक पुस्तिका प्रकाशन गरेर खानेपानी तथा सरसफाइका क्षेत्रमा आफ्नो सत्प्रयासलाई एक कदम अघि बढाएको छ ।

सार्वजनिक सरोकारका प्रत्येक विषयको कार्य सम्पादनमा सुशासन कायम हुन सकेमा मात्र ती कार्यहरु नतिजामुखी र सेवाग्राहीमैत्री हुन सक्दछन् । सुशासन कायम गर्न यसका सिद्धान्त, आदर्श र मुल्य एवं मान्यताहरुको जानकारी राख्ने र तदनरुप आचारण तथा व्यवहार गर्नुपर्ने हुन्छ । सुशासनका उपयोगी विषयवस्तु समावेश गरेर प्रस्तुत पुस्तिका तयार भएकाले खानेपानी तथा सरसफाइ क्षेत्रमा संलग्न सेवा प्रदायक, सेवाग्राही, सहयोगी सबैलाई उत्साहित भएर अभिरुचीका साथ आ-आफ्नो भूमिका निर्वाह गर्न यस पुस्तिकाले अभिप्रेरित गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।

खानेपानी तथा सरसफाइका क्षेत्रमा यतिखेर हुने लगानी र प्रयासहरुले अब जन्मने बालबालिका युवा हुँदा असल, विद्धान र सुयोग्य नागरिक बन्नमा योगदान पुऱ्याउने भएकाले सबैले आ-आफ्नो तहबाट खानेपानी तथा सरसफाइको माध्यमद्वारा सबल राष्ट्र निर्माण गर्न मेहनतका साथ लाग्न यस पुस्तिका सबैका लागि उपयोगी र सहयोगी हुन सकोस भन्ने शुभकामना व्यक्त गर्न चाहान्छु ।

रमेश कुमार अधिकारी
उप-सचिव

भ्रष्टाचार विरुद्धको चाल, असल शासनको बहाल ।

D:\Letter\071-72\A4.doc

नेपाल सरकार
सहरी विकास मन्त्रालय
खानेपानी तथा ढल निकास विभाग
पानीपोखरी, काठमाडौं ।

फोन नं: ०१-४४१३६४४
०१-४४१४५३९
०१-४४१८२५३
०१-४४१३६७०
फ्याक्स: ०१-४४१९८०२

प.सं.
च.नं.

मिति :- २०७१।०९।११

# शुभ-कामना

नेपाल सरकारले सन् २०१७ सम्ममा शत प्रतिशत नेपाली जनतालाई आधारभूत स्तरको खानेपानी तथा सरसफाई सुविधा पुऱ्याउने लक्ष्य लिई खानेपानी तथा सरसफाईको कार्यक्रम संचालन गरिरहेको विदितै छ । सरकारको लक्ष्यलाई साकार रुप प्रदान गर्न विभिन्न कानूनी तथा संस्थागत व्यवस्था भएता पनि सुशासन प्रवर्द्धनको लागि स्थापित कानूनी तथा नीतिगत व्यवस्थाहरुको बारेमा सम्बद्ध सरोकारवालाहरुको ध्यानाकर्षण हुन नसकिरहेको अवस्था विद्यमान रहको देखिन्छ ।

खानेपानी तथा सरसफाई को क्षेत्रमा अग्रपङ्क्तिमा रहने उपभोक्ताहरुको हक, हित र अधिकारको सुनिश्चितताको लागि छाता संगठनको रुपमा स्थापित खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ, नेपालले खानेपानी तथा सरसफाई क्षेत्रमा उपलब्ध विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाहरुको संकलन गरेर एउटै प्रकाशन मार्फत उल्लेखित कानूनी तथा नीतिगत व्यवस्थाहरुको व्यवस्थित संगालो "**नेपालमा खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासन सहयोगी कानुनी व्यवस्था**" विषयक पुस्तक प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ । उक्त पुस्तक यस क्षेत्रमा कार्यरत सम्पूर्ण सरोकारवाला तथा उपभोक्ताहरुलाई सहयोगी सिद्ध हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

सुशासन प्रवद्धन गरी खानेपानी तथा सरसफाईको राष्ट्रिय लक्ष्य हासिल गर्न यो प्रशासन सहायक सिद्ध हुनेछ भन्ने पूर्ण विश्वासका साथ खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ, नेपाललाई सफलता मिलोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

(रामदीप साह)
महानिर्देशक
खानेपानी तथा ढल निकास विभाग

नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग
**श्रीमहल, पुल्चोक, ललितपुर**

मिति: २०७१/ ०९ /०९

# शुभकामना

नेपालमा खानेपानी तथा सरसफाईको विषयले आम मानिसहरुको प्रयाप्त ध्यान खिच्न सकेको छ। नेपाल सरकारले पनि खानेपानी तथा सरसफाई क्षेत्रमा सन् २०१७ सम्ममा सबैका लागि आधारभूत स्तरको शतप्रतिशत पहुँच पुर्‍याउने लक्ष्य राखेको छ। साथै विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गरिएका घोषणा पत्रहरुमा पनि प्रतिवद्धता जनाएको छ। स्थानिय पुर्वाधार विकास तथा कृषि सडक विभाग मार्फत पनि ग्रामिण खानेपानी तथा सरसफाई आयोजना ७५ वटै जिल्लाहरुमा लागु गरिएको छ। यो आयोजनाको उदेश्य अति स्वच्छ खानेपानी तथा सरसफाईको पहुँच ग्रामिण समुदायसम्म विस्तार गर्नु हो। दलित, जनजाति अति पिछडिएका वर्ग समेतमा खानेपानी तथा सरसफाईको पहुँचलाई बृद्धि गराई, राष्ट्रिय गरिवी निवारणमा टेवा पुर्‍याउनु यो कार्यक्रमको मुख्य उदेश्य रहेको छ।

खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ, नेपालले, समग्र खानेपानी तथा सरसफाइ सम्वन्धी कानुन, नीति तथा नियमावलीहरुलाई समेटी नेपालमा खानेपानी तथा सरसफाई क्षेत्रमा सुशासन सहयोगी कानुनी व्यवस्था नामक पुस्तक प्रकासन गर्न लागेकोमा खुशी लागेको छ। नीतिगत सुशासनको लागि विभिन्न आवश्यक नीतिहरुको महत्वको पैरवी गर्दै आएको यस उपभोक्ता महासंघले प्रकासित गर्न लागेको उक्त पुस्तक खानेपानी तथा सरसफाई क्षेत्रको लागि अति सहयोगि र उपयोगी हुने देखेको छु।

धन्यवाद।

.....

जीवन कुमार श्रेष्ठ
महानिर्देशक
स्थानीय पुर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार)

☏ फोन न: ५५५५००१, ५५५४७२६४, ५५५५३६२ 🖷 फ्याक्स: ५५४६३५५, ५५५५७२४
E-mail: dg@dolidar.wlink.com.np; info@dolidar.gov.np Website: www.dolidar.gov.np

# प्राक्कथन

नेपालमा खानेपानी र सरसफाइका क्षेत्रमा विगत दुई दशकहरूमा उल्लेख्य प्रगति भएको छ। यो प्रगति पहुँच अभिवृद्धिका लागि मात्र नभइ यस क्षेत्रको समग्र विकासका लागि आवश्यक पर्ने कानुन, नीति तथा नियमावलीहरू निर्माणमा पनि भएको छ।

नेपाल सरकारले सन् २०१७ सम्ममा सबै नेपाली नागरिकलाई आधारभूत खानेपानी तथा सरसफाइमा पहुँच पुऱ्याउने लक्ष्य लिएको छ। यसका साथै अन्तर्राष्ट्रिय स्तरमा गरिएका घोषणा पत्रहरूमा पनि नेपालले प्रतिवद्धता जनाएको छ। पछिल्लो समयमा संयुक्त राष्ट्रसंघले सन् २०१० मा सुरक्षित खानेपानी र सरसफाइको पहुँचलाई मानव अधिकारको रूपमा घोषणा गरेपछि नेपालले यसमा प्रतिवद्धता जाहेर गरी हस्ताक्षर गरको छ।

उपयुक्त कानुन, नीति तथा नियमावलीहरूको व्यवस्था भए तापनि खानेपानी र सरसफाइका क्षेत्रमा सुशासन एक चुनौतीको रूपमा देखा परेको छ। सरकारी तथ्याङ्क अनुसार ८५ प्रतिशत जनसंख्यालाई सुधारिएको खानेपानीको श्रोतमा पहुँच भनिए तापनि ४३ प्रतिशत खानेपानी तथा सरसफाइ योजनाहरूमा ठूलो मर्मत र पुन:निर्माणको आवश्यकता छ।

खानेपानी र सरसफाइका क्षेत्रमा सुशासन प्रबर्द्धन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पानी सुशासन (वाटर इन्टीग्रिटी) का लागी पैरवी भइरहेको छ। पानी सुशासनका प्रमुख तत्वहरू: पारदर्शिता, जवाफदेहिता र सहभागितामा सुधार ल्याउन सके सुशासनमा सुधार हुनुका साथै खानेपानी र सरसफाइ सम्बन्धी मानव अधिकारको प्रत्याभूति गर्न मद्दत पुऱ्याउने छ।

खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपालले नेपालमा **खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासन सहयोगी कानुनी व्यवस्था** नामक पुस्तक प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ। यसका लागी खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाललाई धन्यवाद दिन चाहन्छु। यस पुस्तकले नेपालमा खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासनको पैरवी गर्न तथा थप विश्लेषण गरी सुशासनको प्रवर्द्धनका लागि नयाँ नीति निर्माणमा सहयोग पुऱ्याउने आशा गरिएको छ।

**मदन राज भट्ट**
टीम लिडर
जलश्रोत व्यवस्थापन कार्यक्रम
हेल्भेटास स्विस इन्टरकोअपरेशन नेपाल

# विषय सूची


| | | पृष्ठ |
|---|---|---|
| १. | खानेपानी तथा सरसफाइ र सुशासन..... | १७ |
| २. | सुशासनका लागि अधिकारमुखी अवधारणा ..... | २२ |
| ३. | नेपालमा सुशासन सहयोगी कानुन ..... | २९ |
| ४. | खानेपानी तथा सरसफाइ कानुनमा सुशासनसम्बन्धी व्यवस्था ..... | ३७ |
| ५. | खानेपानी तथा सरसफाइ नीतिमा सुशासनसम्बन्धी व्यवस्था ..... | ४९ |
| ६. | खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासनका लागि स्थानीय निकायको भूमिका ..... | ५१ |
| ७. | आर्थिक कानुनमा सुशासनसम्बन्धी व्यवस्था ..... | ६३ |
| ८. | वातावरण संरक्षणसम्बन्धी कानुनमा खानेपानी तथा सरसफाइ सुशासन ..... | ६५ |
| ९. | खानेपानीसम्बन्धी विवाद व्यवस्थापन ..... | ७२ |
| १०. | निष्कर्ष ..... | ७४ |

# १. खानेपानी तथा सरसफाइ र सुशासन

सुशासनको कुनै साझा परिभाषा छैन । सुशासनका विषयमा विभिन्न पक्षका आ-आफ्ना दृष्टिकोण छन् । सुशासनलाई एकातर्फ आर्थिक जवाफदेहिता र प्रशासनिक दक्षताको रूपमा लिइन्छ भने अर्कोतर्फ सुशासनलाई बृहत रूपमा लोकतन्त्र, मानव अधिकार र सहभागितासँग पनि जोड्ने गरिन्छ । सुशासनलाई कानुन कार्यान्वयन गर्ने माध्यमका रूपमा पनि लिइन्छ ।

राज्य नियन्त्रित समाज आफै सञ्चालित हुने स्वचालित समाजमा रूपान्तरण हुँदै गर्दा सुशासनको स्वरूप पनि बदलिदै गएको छ । अहिले समुदायले आफ्ना कैयौं अधिकार र दायित्वसम्बन्धी पद्धतिहरूलाई आफै व्यवस्थित गर्दछ, त्यसैले सुशासनको दायरा पनि बृहत छ ।

आर्थिक प्रणालीमा राज्यको गौण भूमिका, विश्वव्यापीकरण, उदारीकरण, विकेन्द्रीकरण, प्रविधिको विकास, तिब्र बसाइ-सराइ, सहरीकरण, जलस्रोत र वातावरणीय संकट आदि जस्ता कारणले सुशासनको क्षेत्रमा पनि नयाँ सोच र पद्धतिहरू विकास भइरहेका छन् ।

**सुशासन के हो ?** विभिन्न तहमा अधिकार र दायित्व व्यवस्थापनका लागि गरिने अभ्यास र सम्बन्ध नै सुशासन हो, जसका लागि विभिन्न पद्धति, प्रक्रिया र संस्थाहरू स्थापित गरिएका हुन्छन् र यसैका माध्यमबाट नागरिक तथा समुदायहरूले आफ्ना चाहना मुखरित गर्दछन्, अधिकारहरूको अभ्यास गर्दछन्, दायित्वहरू पूरा गर्दछन् र मतभिन्नताहरूको व्यवस्थापन गर्दछन् (युएनडीपी, २००१) ।

खानेपानी तथा सरसफाइका सन्दर्भमा सुशासन भन्नाले राज्यका विभिन्न तह र क्षेत्रमा खानेपानी तथा सरसफाइ पद्धतिको विकास र यसको सेवा प्रवाहका लागि विकास गरिएको आर्थिक, सामाजिक, राजनीतिक तथा प्रशासनिक प्रणालीलाई बुझ्न सकिन्छ ।

**सुशासनका सोचहरू :** केन्द्रीयस्तरबाट बनाइएको नीति तथा कानुनमा आधारित पदानुक्रमित सुशासन पद्धति खर्चिलो र अप्रभावकारी भएकोले यसप्रति असन्तुष्टिहरू रहेका छन् । त्यस्तै बजारमुखी सुशासन, जसले राज्यको भूमिकालाई गौण गर्दै निजी क्षेत्रको भूमिका बढाउँछ र बजार तथा पूँजीवादी

पद्धतिबाट स्वतः सुशासन कायम हुन्छ भन्ने कुरामा विश्वास गर्दछ । राज्य वा बजार नियन्त्रित प्रणालीमा आधारित सुशासन प्रणाली पनि क्रमशः असफल हुँदै गएकोले राज्य, निजी क्षेत्र र समुदायमा भएका सबै शक्तिहरूको आपसी सम्बन्ध र समन्वयमा आधारित सुशासन पद्धतिहरू विकास हुँदै आएका छन् ।

सुशासनको आधुनिक अवधारणाले सुशासनको लागि कानुनी संयन्त्रभन्दा सामाजिक संयन्त्र धेरै प्रभावकारी र कम खर्चिलो हुने मान्यता राख्दछ । उदाहरणका लागि भ्रष्टाचार नियन्त्रण गर्न कानुनी प्रक्रिया अपनाउँदा राज्यको जति स्रोत साधन खर्च हुन्छ, त्यसको तुलनामा सामाजिक शक्तिहरू (जस्तै : नागरिक समाज, सञ्चार, स्वतःस्फूर्त परिचालन हुने जनसंगठन आदि) परिचालनले सुशासनलाई प्रभावकारी र कम खर्चिलो बनाउँछ भन्ने मान्यता राखिन्छ ।

**खानेपानीमा सुशासनका लागि अन्तर्राष्ट्रिय पहल :** जलस्रोतको क्षेत्रमा कस्तो सुशासन पद्धति स्थापित गर्ने भन्ने विषयमा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न पहलहरू हुँदै आएका छन् भने राष्ट्रिय नीति तथा कानुनहरूमा पनि विभिन्न अवधारणा र व्यवस्थाहरूको विकास गरिएको छ ।

जलस्रोतको क्षेत्रमा सुशासनको विकासका लागि महत्वपूर्ण मानिएका डव्लिन सम्मेलन १९९२ र हेगमा सम्पन्न सन् २००० को विश्व पानी मञ्चले सुशासनको समस्या नै जलस्रोतको मुख्य समस्या भएको कुरा ठहर गरेको थियो । सन् २००० मा सम्पन्न संयुक्त राष्ट्रसंघीय सहश्राब्दी सम्मेलन र सन् २००१ मा सम्पन्न स्वच्छ पानी सम्मेलनले जलस्रोतसम्बन्धी विषयमा सबै तहमा सुशासन स्थापित गर्नुपर्ने कुरामा विशेष जोड दिएको थियो ।

**डव्लिन सिद्धान्त र पानी सुशासन :** सन् १९९२ मा घोषित डव्लिन सिद्धान्तलाई खानेपानीमा सुशासन स्थापना गर्ने आधारभूत सिद्धान्तका रूपमा लिने गरिन्छ । डव्लिन सिद्धान्त अनुसार मानव जीवन, विकास र वातावरणका लागि स्वच्छ पानी एउटा सीमित र असुरक्षित स्रोत हो, त्यसैले पानीको व्यवस्थापन सबै तहका नीति निर्माता, योजनाकार र उपभोक्ता समेत संलग्न हुने गरी सहभागितामूलक रूपमा गर्नुपर्दछ । पानीको सुरक्षा र व्यवस्थापनमा महिलाको उल्लेखनीय भूमिका रहने भएकोले पानीको सुशासनमा महिलाको सहभागिता अपरिहार्य हुन्छ । पानीको आर्थिक मूल्य हुने भएकोले यसको प्रतिस्पर्धात्मक प्रयोगलाई सुशासनद्वारा व्यवस्थित गर्नुपर्दछ ।

**सुशासन र पानी अधिकार :** खानेपानीका विषयमा स्वामित्वसम्बन्धी परम्परागत कानुन, राज्यका कानुन र अन्तर्राष्ट्रिय कानुन समेत सान्दर्भिक

हुन्छन् । त्यसैले खानेपानी तथा सरसफाइसम्बन्धी सुशासनको विषय खानेपानीमाथिको स्वामित्वसम्बन्धी व्यवस्थाबाट पनि निर्देशित हुन्छ । त्यसैगरी पानी व्यवस्थापनसम्बन्धी विकेन्द्रीकरण र बहुलवादमा आधारित कानुनले पनि खानेपानी सुशासनलाई प्रभाव पारीरहेको हुन्छ । जलस्रोत स्थानीय समुदाय, निजी क्षेत्र वा राज्यमध्ये कुनै न कुनै पक्षको स्वामित्व वा व्यवस्थापनमा रहने भएकोले पानी सुशासनको पद्धतिले स्वामित्वसम्बन्धी कानुनको अवधारणालाई पनि आत्मसात् गर्नुपर्ने हुन्छ । पानी एउटा साझा स्रोत भएकोले यसको तटीय क्षेत्रमा बसोबास गर्नेदेखि लिएर यसमा जीवन निर्भर रहेका धेरै पक्षहरूको अधिकार र सरोकार रहन्छ, जसका आवश्यकताहरूलाई सम्बोधन गर्ने किसिमको सुशासन आवश्यक हुन्छ । त्यसैले खानेपानीका सन्दर्भमा विकास गरिएको सुशासन पद्धतिहरू सहभागितामूलक भएनन् भने असफल हुने खतरा पनि हुन सक्छ भन्ने कुरालाई सहजै स्वीकार गर्नुपर्ने हुन्छ ।

## १.१ पानी सुशासनका आधारभूत सिद्धान्तहरू

सुशासनका लागि कुनै एउटा मात्र प्रभावकारी ढाँचा रहेको छैन । खुला समाजमा धेरै किसिमका अधिकारवाला र सरोकारवालाहरू हुन्छन् । त्यसैले सुशासन प्रणालीमा यी सबै पक्षको अपनत्व र भूमिकाको लागि सहभागितामूलक अवधारणा अवलम्बन गर्नुपर्ने हुन्छ । त्यसैले राष्ट्रिय एवं स्थानीय परिवेश अनुसार सुशासनको ढाँचा सापेक्षित हुनुपर्ने हुन्छ । तथापी, प्रभावकारी सुशासनका लागि निम्न अनुसारका केही आधारभूत सिद्धान्तहरू स्थापित भएका छन्, जसलाई खानेपानी तथा सरसफाइ सुशासनका सन्दर्भमा पनि अवलम्बन गर्नुपर्ने हुन्छ :

### (क) दृष्टिकोणसम्बन्धी सिद्धान्तहरू

**खुलापन र पारदर्शिता :** खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत सबै समुदाय, संघ सस्था र निकायहरूले गर्ने कार्यशैलीहरूमा खुलापान हुनु आवश्यक छ, जसले सबै पक्षको पहुँचलाई सहज बनाउँछ । त्यस्तै यी सबै पक्षका निर्णय प्रक्रिया र आर्थिक प्रणालीहरू पारदर्शी हुनुपर्ने हुन्छ ।

**समावेशीकरण र सञ्चार :** प्रभावकारी सुशासनका लागि खानेपानी तथा सरसफाइसम्बन्धी नीति निर्माण प्रक्रियाका सबै चरण र प्रक्रियाहरूमा बृहद किसिमको सहभागिता आवश्यक हुन्छ । यस्तो सहभागिताले अधिकारवाला एवं सरोकारवालाहरूलाई संगठित हुने, आफ्ना बिचारहरू अभिव्यक्त गर्ने र रचनात्मक योगदान गर्ने अवसर प्राप्त भई सुशासनमा प्रभावकारिता आउँछ ।

प्रत्यक्ष/स्पष्ट सञ्चारले पारदर्शिता र जवाफदेहितालाई पनि बलियो बनाउँछ ।

**सुसंगत र एकिकृत :** खानेपानी र सरसफाइ नीतिहरूका बीचमा तालमेल र सामञ्जस्यता भएमा सुशासनमा प्रभावकारिता आउँछ । यसले जटिलताहरू घटाउँछ र नीतिहरूमा स्थायित्व दिनका लागि नेतृत्वलाई बाध्य पार्दछ । खानेपानी र सरसफाइ एकिकृत जलस्रोत व्यवस्थापनको एउटा अभिन्न भाग भएकोले जलस्रोतको एकिकृत व्यवस्थापन गर्ने दृष्टिकोण अपनाइएमा सुशासन सुदृढ गर्नका लागि मद्दत मिल्दछ ।

**समन्यायिकता र नैतिकता :** खानेपानी तथा सरसफाइको नीति निर्माण र कार्यान्वयनका सबै प्रक्रिया र तहमा सबै पक्षहरूका बीच समन्याय कायम गर्नुपर्ने हुन्छ । खानेपानी सम्बन्धी कानुन कार्यान्वयनमा न्याय र निष्पक्षता, कानुनको शासनको पालना र पहुँच एवं पानीमा सामुहिक स्वामित्वको अधिकारलाई नैतिक रूपमा पनि पालना गरिएको हुनु पर्दछ ।

### (ख) कार्यान्वयन र कार्यसम्पादनसम्बन्धी सिद्धान्तहरू

**जवाफदेहिता :** खानेपानी तथा सरसफाइका विषयमा सम्बन्धित निकाय तथा सरोकारवालाको अधिकार र दायित्व स्पष्ट रूपमा किटान गरिएको हुनुपर्छ र सोही अनुसार कार्यसम्पादन भएको हुनु पर्दछ । खानेपानी र सरसफाइको प्रभाकारिताका लागि सबै पक्षले आफ्नो जवाफदेहिता पूरा गरेको हुनु पर्दछ ।

**कार्यकुशलता :** खानेपानी तथा सरसफाइका विषयमा आफूलाई प्राप्त अधिकार र दायित्व अनुसारका कार्यहरू समयमा नै प्रभावकारी किसिमले सम्पादन गर्नु आवश्यक हुन्छ । समयमै कार्य सम्पादन नगर्नाले आर्थिक दायित्व बढाउनुका साथै सामाजिक र प्रशासनिक क्षेत्रमा समेत समस्या उत्पन्न गर्दछ । त्यसैले प्रभावकारी सुशासनका लागि कार्यकुशलताको निकै महत्व छ ।

**उत्तरदायित्व र स्थायित्व :** खानेपानी र सरसफाइका क्षेत्रमा उपभोक्ताले माग गरेका कुराहरू समयमा नै पूरा हुनुपर्दछ । उपयुक्त तरिकाले उपयुक्त तहमा नीति निर्माण र कार्यान्वयन भएको हुनु पर्दछ । आवश्यकताहरूलाई समयमा नै सम्बोधन गर्नुपर्ने हन्छ । त्यस्तै दीर्घकालिन योजनाहरूको तर्जुमा र कार्यान्वयनले पनि सुशासनलाई प्रभावकारी बनाउँछ ।

## १.२ खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासन

खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपालले हेल्भेटास स्विस

इन्टरकोपरेसन नेपालको जलश्रोत ब्यवस्थापन कार्यक्रमको प्राबिधिक तथा आर्थिक सहयोगमा सन् २०१३ वाट खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासन कार्यक्रम (Water Integrity Programme) को कार्यान्वयन गरिरहेको छ। यस कार्यक्रमको समग्र उद्देश्य खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा सुशासन (Integrity) अभिवृद्धि गर्दै यस क्षेत्रमा श्रोत विनियोजनको निर्णय तथा लगानीको स्तर सुधारका लागि अनुकुल वातावरण तयार गर्न सहयोग गर्नु रहेको छ। यस कार्यक्रमले खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासनलाई योजना तर्जुमा तथा बजेट विनियोजन, योजना कार्यान्वयन, बजेट तथा लेखा ब्यवस्थापन र अनुगमनका सम्पूर्ण प्रकृयामा पारदर्शिता (Transparency) जवाफदेहिता (Accountability) र सहभागिता (Participation) TAP को अवलम्बन वा अभ्यासको रूपमा परिभाषित गरेको छ।

**पारदर्शिता (Transparency-T)** : पारदर्शिताले लिखित नियमहरू, प्रकृयाहरू, समझदारी वा सम्झौताहरूलाई जनाउँदछ, जसले प्रत्येक संलग्न व्यक्तिको भुमिका र जिम्मेवारी तोकेको हुन्छ। यसले खुलापन र सुचनामा पहुँचलाई सुनिश्चित गर्दछ, जसबाट नागरिकहरूले वा खानेपानी तथा सरसफाइ उपभोक्ताले उनीहरूलाई प्रवाभ पार्ने वा उनीहरूका सम्बन्धमा गरिने निर्णय प्रकृया सजिलो गरी बुझ्न सक्दछन र त्यसबारे खोज खबर गर्न सक्दछन्। यस्तो प्रक्रियाले अपनत्व र दिगोपनाको सुनिश्चितता गर्दछ।

**जवाफदेहिता (Accountability-A)** : लोकतान्त्रिक अवधारणा अनुसार जवाफदेहिताको अर्थ कुनै पनि सार्वजनिक कार्य वा संघ संस्थामा संलग्न व्यक्तिले त्यससँग सम्बन्धित नियम, लिखित प्रकृया, सम्झौता र समझदारीको अनिवार्य रूपमा पालना गरेको हुनु पर्दछ र पालना नभएको अवस्थामा त्यसमा उसको भुमिकाको सम्बन्धमा स्पष्ट जवाफ दिनु पर्दछ भन्ने हो। यसले सम्बन्धित व्यक्तिलाई आफ्नो जिम्मेवारी पूरा गराउन बाध्य गराउँछ।

**सहभागिता (Participation-P)** : यसले त्यस्तो आधारभूत लोकतान्त्रिक नियमलाई जनाउँदछ, जसमा कुनै निर्णयले प्रभाव पार्ने ब्यक्तिलाई त्यस्तो निर्णय प्रकृयामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भाग लिने वा भूमिका खेल्ने मौका प्रदान गर्दछ।

यी अभ्यासले सार्वजनिक कार्यको कुशल ब्यवस्थापन तथा परियोजनाका परिणामहरूको दिगोपनालाई सुनिश्चित गर्न सहयोग गर्दछ।

# २. सुशासनका लागि अधिकारमुखी अवधारणा

**पानी अधिकार र पहुँचमुखी घोषणा :** खानेपानीको उपलब्धता एवं सरसफाइ सुविधा मानव जीवनमा महत्वपूर्ण प्रभाव पार्ने एक अत्यावश्यक तत्व र सभ्यताको सूचक हो । त्यसैले पानी अधिकारलाई राष्ट्रिय एवं अन्तराष्ट्रिय रूपमा आधारभूत मानव अधिकारको रूपमा समेत स्वीकार गर्दै विभिन्न कानुनी व्यवस्था र घोषणाहरू गरिएको छ, जसको एउटा उद्देश्य खानेपानी र सरसफाइ क्षेत्रमा सुशासन कायम गर्नु हो । पानी अधिकारको माध्यमबाट सुशासन सुदृढीकरणका लागि गरिएका केही महत्वपूर्ण अन्तर्राष्ट्रिय व्यवस्थाहरू निम्न अनुसार रहेका छन् :

- १९४८ मा संयुक्त राष्ट्रसंघको महासभाद्धारा पारित 'मानव अधिकार को विश्वव्यापी घोषणपत्र' को धारा ३ मा 'प्रत्येक व्यक्तिलाई जीवनको स्वतन्त्रता र सुरक्षाको अधिकार हुनेछ' भन्ने कुरा उल्लेख गरिएको हुनाले पानी जीवनको सुरक्षाका लागि अत्यावश्यक पदार्थ भएकोले पिउने पानी प्राप्त गर्ने अधिकार आधारभूत मानव अधिकारको रूपमा रहेको छ ।
- सन् २००० मा १९१ सदस्य राष्ट्रद्वारा हस्ताक्षर गरी सन् २०१५ सम्ममा पूरा गरिने लक्ष्य लिइएको संयुक्त राष्ट्रसंघीय सहश्राव्दी विकास लक्ष्यका ८ वटा लक्ष्यहरूमध्ये बुँदा ७ मा 'सुरक्षित खानेपानी तथा सरसफाइमा दिगो पहुँच नपुगेका जनसंख्यालाई आधा कम गर्ने' लक्ष्य लिइएको छ ।
- नेपालले सहश्राव्दी विकास लक्ष्य पूरा गर्न वि.सं.२०७१ (सन् २०१५) सम्ममा कूल जनसंख्याको ७३ प्रतिशतमा खानेपानी र ५३ प्रतिशतमा सरसफाइमा पहुँच पुऱ्याउनु पर्नेछ ।
- संयुक्त राष्ट्रसंघले सन् २०१० मा सुरक्षित खानेपानी र सरसफाइको पहुँचलाई मानव अधिकारको रूपमा घोषणा गरेको छ ।

- दक्षिण एशियाली राष्ट्रहरूको पाचौँ सरसफाइ सम्मेलन (साकोसान) २०१३ को मूल नारा 'सबैका लागि सरसफाइ, सबै सरसफाइका लागि' भन्ने रहेको थियो भने उक्त सम्मेलनले जारी गरेको काठमाडौं घोषणपत्रमा सन् २०२० सम्ममा खुला दिसामुक्त दक्षिण एशिया बनाउने प्रतिवद्धता व्यक्त गरिएको छ ।
- नेपाल सरकारको सरसफाइ गुरुयोजना २०६८ ले सन् २०१७ सम्ममा सम्पूर्ण घरधुरीमा चर्पीको पहुँच पुऱ्याउने लक्ष्य राखेको छ ।

माथि उल्लिखित व्यवस्था, घोषणा र प्रतिवद्धताहरूले खानेपानी र सरसफाइका लागि राज्य, समुदाय र सरोकारवालाहरूको महत्वपूर्ण दायित्व, जवाफदेहिता र भूमिका रहेको छ भन्ने कुरा स्पष्ट गर्दछ । त्यसैले खानेपानी तथा सरसफाइमा सुशासनका लागि यी व्यवस्थाहरूको महत्वपूर्ण भूमिका रहेको छ ।

## २.१ खानेपानी अधिकारका विश्वव्यापी मापदण्डहरू

पर्याप्त मात्रामा सहज खानेपानीको उपलब्धताका लागि अन्तर्राष्ट्रिय तहमा विभिन्न मापदण्डहरू तयार गारिएका छन्, जसमध्ये निम्न व्यवस्था र मापदण्डलाई सुशासनयुक्त पानी अधिकारको दृष्टिकोणले महत्वपूर्ण मानिन्छ :

**संयुक्त राष्ट्रसंघीय बडापत्र १९४५ :** यस बडापत्रको घारा ५५ अनुसार संयुक्त राष्ट्रसंघले जनताको जीविकाको उच्चस्तर र स्वास्थ्यसम्बन्धी समस्याको समाधानका उपायहरू अगाडी बढाउने कुरालाई महत्व दिएको छ । संयुक्त राष्ट्रसंघको सदस्यका हैसियतले यसको बडापत्रमा उल्लेखित कुरालाई कार्यान्वयन गर्न उपयुक्त उपाय अवलम्बन गर्नु राष्ट्रको दायित्व हुन आउँछ ।

**नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय अनुबन्ध १९६६ :** यस अनुबन्ध अनुसार प्रत्येक व्यक्तिलाई आफ्नो जीवनको अधिकार आफैमा अन्तरनिहित रहेको हुन्छ, जस अनुसार प्रत्येक व्यक्तिले आफ्नो जीवनको लागि आवश्यक स्रोत र साधनमा पहुँच पाउनु पर्ने हुन्छ ।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय अनुबन्ध १९६६ :** यस अनुबन्धको धारा ११ अनुसार सदस्य

राष्ट्रले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, उसको स्वयं तथा परिवारको पर्याप्त जीवनस्तर एवं जीविकाको अवस्थामा सुधार गर्न पाउने अधिकारलाई स्वीकार गर्दछन् । त्यसैगरी वातावरणीय सरसफाइका सम्पूर्ण पक्षको सुधार गर्ने, शिशु मृत्युदर घटाउने, बाल स्वास्थ्यको विकास गर्ने र रोगहरूको रोकथाम, उपचार र नियन्त्रण गर्न आवश्यक पर्ने कदमहरू चाल्नु राष्ट्रको दायित्व हो भन्ने कुरालाई स्वीकार गर्दछन् । सुशासनयुक्त पानी अधिकारका माध्यमबाट मात्र यी कुराहरू प्राप्त गर्न सकिन्छ ।

खानेपानी र सरसफाइको अधिकारलाई मानव अधिकारको रूपमा मान्यता प्रदान गर्नका लागि संयुक्त राष्ट्रसंघीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिले सन् २००२ मा गरेको टिप्पणीको बुँदा १५ मा उल्लिखित खानेपानी तथा सरसफाइसम्बन्धी मापदण्डहरू निम्न अनुसार रहेका छन् :

| खानेपानी अधिकारका मापदण्डहरू | |
|---|---|
| अवधारणा | मापदण्डहरू |
| पर्याप्त खानेपानी | • विश्व स्वास्थ्य संगठनका अनुसार पर्याप्त पानी पाएको कुरा मान्नका लागि प्रतिव्यक्ति प्रतिदिन ५०-१०० लीटर पानी उपलब्ध हुनुपर्ने ।<br>• पानीको अति अभावको स्थितिमा पनि प्रतिव्यक्ति दैनिक न्यूनतम २० लीटर पानी उपलब्ध हुनुपर्ने । |
| गुणस्तरीय खानेपानी | • शुद्ध, किटाणुरहित, केमिकलरहित, घातक परावैजनिक पदार्थ नमिसिएको, मिसावट निषेध गरिएको, स्वास्थ्यको सुरक्षा गर्ने र पानीको रङ्ग तथा स्वाद प्राकृतिक किसिमको भएको पानीलाई मात्र गुणस्तरीय पानी मान्न सकिने । |
| खानेपानी र सरसफाइमा पहुँच | • खानेपानीको श्रोत घरबाट १ कि.मि.को दुरीभित्र हुनुपर्ने वा खानेपानी संकलन ३० मीनटभित्रमा गर्न सकिने स्थान र अवस्थामा हुनुपर्ने । |
| आर्थिक रूपमा थेग्न सक्ने गरी खानेपानी आपूर्ति | • थेग्न सक्ने गरी खानेपानीको दस्तुर तथा मूल्य कायम गरिएको गर्नुपर्ने,<br>• युएनडीपीका अनुसार घरको आम्दानीको ३ प्रतिशत भन्दा बढी रकम खानेपानीका लागि खर्च गर्नुपर्ने अवस्था हुन नहुने । |

| | |
|---|---|
| खानेपानी उपलब्धताको प्राथमिकताक्रम | • पानी उपयोगमा आधारभूत आवश्यकता (घरायसी उपयोग जस्तैः खानेपानी, नुहाइ-धुवाइ, खाना पकाउन, व्यक्तिगत सरसफाइ आदि) लाई पहिलो प्राथमिकता दिनुपर्ने । |
| खानेपानी उपयोगमा भेदभाव निषेध | • पानी उपभोगमा कुनैपनि आधारमा विभेद, निकाला, प्रतिबन्ध बहिष्कार आदि गर्न नपाइने ।<br>• विपन्नता, बञ्चितिकरण र उच्चजोखिममा परेका कारण खानेपानीको अधिकारबाट बञ्चित हुने अवस्था हुन नहुने र यस्तो अवस्थामा राज्यले सहयोग गर्नुपर्ने |
| सहभागिता र सूचनाको अधिकार | • खानेपानी तथा सरसफाइसम्बन्धी सबै किसिमका निर्णय प्रक्रियामा सम्बन्धित सबै महिला पुरुषको सहभागिता र जानकारी पाउने हक सुनिश्चित गरिएको हुनुपर्ने । |

## २.२ नेपालमा खानेपानी अधिकारका मापदण्डहरू

खानेपानी तथा सरसफाइमा सुशासन कायम गर्नका लागि एकातर्फ राज्य र सम्बन्धित निकायहरूको भूमिका स्पष्ट हुनुपर्छ भने अर्कोतर्फ समावेशी संरचनाहरूले पनि सुशासन सुदृढ बनाउन मद्दत गर्दछ । खानेपानी तथा सरसफाइमा सुशासन सुदृढीकरणका लागि कानुनमा गरिएका वातावरणमैत्री व्यवस्थाले पनि मद्दत गर्दछ । त्यस्तै खानेपानी र सरसफाइमा सुशासनका लागि संस्थागत व्यवस्थाहरूको पनि निकै महत्व रहेको हुन्छ । त्यसैले खानेपानी र सरसफाइमा सुशासनका लागि राज्यको भूमिका, समावेशी संरचना र वातावरणीय सुशासनका लागि गरिएका व्यवस्थाको बारेमा समीक्षा, परिमार्जन र क्षमता अभिवृद्धि हुनु आवश्यक हुन्छ ।

नेपालमा खानेपानी अधिकार सुनिश्चितताका लागि ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइसम्बन्धी राष्ट्रिय रणनीति २०६० र शहरी खानेपानी तथा सरसफाइ नीति २०६६ मा गरिएका मुख्य मापदण्डहरू निम्न अनुसार रहेका छन्, जुन सुशासनको दृष्टिकोणले पनि महत्वपूर्ण छन् :

| ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइसम्बन्धी राष्ट्रिय रणनीति, २०६० | |
|---|---|
| खानेपानीको परिमाण | • घरेलु उपयोगका लागि प्रतिव्यक्ति प्रतिदिन ४५ लीटर<br>• प्रतिव्यक्ति प्रतिदिन न्यूनतम उपलब्धता २५ लीटर । |
| खानेपानीमा पहुँच | • धारासम्म पुग्न पार गर्नुपर्ने तेर्सो वा ठाडो दूरी क्रमशः १५० मीटर र ५० मीटर भन्दा बढी हुन नहुने ।<br>• सबै परिवारहरू १५ मिनेटसम्मको आतेजाते दुरीभित्रबाट पानी ल्याउन सक्षम हुनुपर्ने । |
| खानेपानीको गुणस्तर | • खानेपानीको गुणस्तर विश्व स्वास्थ्य संगठनका न्यूनतम् मापदण्डहरू अनुकूल हुनुपर्ने । |
| विश्वसनीयता र निरन्तरता | • विना जानकारी पानी बन्द नहुने, अनिवार्य मर्मत सम्भार, न्यूनतम समय मात्र पानी बन्द र खानेपानीमा मौसमी परिवर्तनको नगण्य प्रभाव । |
| खानेपानीको मूल्य | • विपन्न परिवारका लागि अनिवार्य सार्वजनिक धाराको व्यवस्था । |
| खानेपानीको प्राथमिकता | • व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न पहिलो प्राथमिकता । |

| शहरी खानेपानी तथा सरसफाइ नीति २०६६ | | | |
|---|---|---|---|
| सेवा | उच्च सेवा | मध्यम सेवा | आधारभूत सेवा |
| खानेपानीको परिमाण | प्रतिदिन प्रतिव्यक्ति १०० लीटरभन्दा बढी | प्रतिव्यक्ति प्रतिदिन ४५-१०० लीटर सम्म | प्रतिव्यक्ति प्रतिदिन ४५ लीटरसम्म |
| गुणस्तर | विश्व स्वास्थ्य संगठनको मापदण्ड बमोजिम | राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ बमोजिम | राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ को कार्यान्वयन निर्देशिकामा ग्रामीण खानेपानीको लागि परिभाषित गुणस्तर |
| पहुँच | घरभित्र (पूर्ण जडित धारा) | घर कम्पाउण्ड भित्र (आँगनमा जडित धारा) | १०० मीटरको पैदल दुरीभित्र (आगन वा सामुदायिक धारा) |
| आपूर्तिसमय | दैनिक २४ घण्टा | दैनिक २४ घण्टा | दैनिक २४ घण्टा |
| निरन्तरता | वर्षैभरी | वर्षैभरी | वर्षैभरी |

### (क) खानेपानीको गुणस्तर

विश्व स्वास्थ्य सङ्गठनले सन् १९९३ मा बनाएको मापदण्डमा सबै देशहरूलाई आफ्नो देशको सन्दर्भमा खानेपानी गुणस्तरसम्बन्धी राष्ट्रिय मापदण्ड बनाउन आग्रह गरेको छ। यस्तो मापदण्ड अनुसारको खानेपानी आपूर्ति भएमा मात्र स्वास्थ्यका लागि घातक रोगहरूबाट जोगिन सकिन्छ। नेपालमा खानेपानीको गुणस्तर र खासगरी मुहानको संरक्षरण गरी मुहानदेखि उपभोगसम्मको अवस्थामा पानी प्रदुषित हुनबाट रोक्नुपर्छ, यसका लागि राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ को प्रभावकारी कार्यान्वयन आवश्यक हुन्छ।

### (ख) खानेपानीको पर्याप्तता

पानी उपयोगका विभिन्न क्षेत्रहरू भए तापनि खानेपानी र सरसफाइ जस्तो आधारभूत मानवीय आवश्यकता पूरा भएपछि मात्र अन्य प्रयोजनका लागि पानी उपयोग हुनुपर्छ। मानवको आधारभूत आवश्यकता (पिउन, नुहाउन, सरसफाइ गर्न, खाना पकाउन र शौचालय जान) का लागि दैनिक रूपमा कति पानी आवश्यक पर्छ भन्ने बारेमा विश्व स्वास्थ्य सङ्गठन, विश्व बैक र विभिन्न दातृ निकायका भिन्न भिन्न सूचकहरू रहेका छन्। त्यस्तै प्रत्येक देशहरूले आफ्नो क्षमता अनुसार आफ्ना नागरिकलाई प्रतिदिन उपलब्ध गराउने पानीको मात्रा फरक-फरक रूपमा निर्धारण गरिएको हुन्छ।

नेपालमा शुद्ध पानीको न्यूनतम प्रतिव्यक्ति उपलब्धता तथा वितरण प्रणाली राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२, ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइसम्बन्धी राष्ट्रिय रणनीति २०६० र शहरी खानेपानी तथा सरसफाइ नीति २०६६ मा निर्धारित मापदण्ड बमोजिम हुनुपर्दछ।

### (ग) खानेपानी तथा सरसफाइ सेवामा पहुँच

खानेपानी तथा सरसफाइ सेवामा पहुँच भन्नाले कम्तिमा पनि निम्न कुराहरूको सुनिश्चितता भएको हुनु पर्दछ :

भौतिक रूपमा सहज पहुँच : खानेपानीमा सहज पहुँचका लागि पहिलो कुरा भौतिक रूपमा सुरक्षित किसिमले र नजिकबाट पानी संकलन गर्न पाउनु पर्ने हुन्छ। टाढाबाट खानेपानी संकलन गर्नुपर्ने अवस्था रहँदासम्म खासगरी बालिकाहरूले स्कूल छोड्नु पर्ने र महिलाहरू भौतिक आक्रमण वा यौन

शोषणको शिकार बन्नु पर्ने अवस्था रहीरहन्छ ।

त्यस्तै शौचालय सेवा पनि सहज रूपमा प्राप्त गर्न सकिने अवस्थाको हुनुपर्छ । शौचालय जाँदा कुनै पनि प्रकारको मानसिक त्रास तथा शारीरिक जोखिम मोल्नुपर्ने अवस्था हुनुहुँदैन । पर्याप्त मात्रामा पानीको व्यवस्था भएको तथा पानी नजम्ने राम्रो निकासको व्यवस्था भएको र घर नजिकको सफा शौचालय सेवा उपभोग गर्न पाउने अवस्था हुनुपर्छ ।

**आर्थिक रूपमा सहज पहुँच :** खानेपानी र सरसफाइको महसुल तथा शुल्क विपन्न वर्गले पनि थेग्न सक्ने किसिमको हुनुपर्छ । समाजको आर्थिक अवस्थासँग खानेपानी तथा सरसफाइको मूल्य मेल खाने किसिमको हुनुपर्छ । अन्यथा खासगरी विपन्न वर्गका मानिसहरू खानेपानीको पहुँचबाट बञ्चित हुन पुग्दछन् ।

**भेदभाव विहिनता :** खानेपानी र सरसफाइ सेवाको उपयोगमा खासगरी वृद्धवृद्धा, अपाङ्ग, बालबालिका र जोखिममा परेका एवं सामाजिक रूपमा पछाडी पारिएका वर्गलाई विशेष महत्व दिनु पर्ने हुन्छ । त्यस्तै खानेपानीको उपयोगमा जातजाति, धर्म, वर्ण, भेषभूषा, भाषा, संस्कृति, धनी, गरिव एवं महिला पुरुष भनी भेदभाव गर्न पाईंदैन ।

# ३. नेपालमा सुशासन सहयोगी कानुन

खानेपानी तथा सरसफाइ लगायत सबै क्षेत्रमा सुशासन कायम गर्नका लागि नेपालमा विभिन्न कानुनी व्यवस्थाहरू गरिएको छ। यी व्यवस्थाहरूले पानी सुशासनको सुनिश्चितताका लागि राज्य, समूदाय र सरोकारवालाहरूले निर्वाह गर्नुपर्ने सुशासनसम्बन्धी विभिन्नि किसिमका दायित्व र जवाफदेहितासम्बन्धी व्यवस्था गरेको छ, जसमध्ये केही महत्वपूर्ण व्यवस्थाहरू निम्न अनुसार रहेका छन् :

## ३.१ नेपालको अन्तरिम संविधान २०६३

**वातावरण तथा स्वास्थ्य सम्बन्धी हक :** खानेपानी अधिकार तथा पानी सुशासनको बारेमा नेपालको अन्तरिम संविधान २०६३ मा स्पष्ट व्यवस्था नगरिएको भएतापनि वातावरणीय हकसँग जोडेर स्वास्थ्यसम्बन्धी हकको प्रत्याभूति गरिएको छ। यसका लागि अन्तरिम संविधान २०६३ को धारा १६ मा निम्न अनुसारको व्यवस्था गरिएको छ :

**धारा १६. वातावरण तथा स्वास्थ्यसम्बन्धी हक :**

(१) प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्ने हक हुनेछ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भए बमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा पाउने हक हुनेछ।

वातावरणीय हकको दायरा निकै व्यापक रहेकोले यस अन्तर्गत स्वच्छ खानेपानीको हक पनि अन्तरनिहित रहेको हुन्छ। त्यस्तै स्वास्थ्यसम्बन्धी हक अन्तर्गत सरसफाइको हक पनि समावेश भएको मान्न सकिन्छ। नागरिकलाई यी हकहरूको प्राप्तिका लागि राज्यले थप कानुनी, संस्थागत, आर्थिक र प्राविधिक पक्षमा विभिन्न प्रणाली, पद्धति र योजनाहरू बनाई आफ्नो दायित्व र जवाफदेहिता निर्वाह गर्नुपर्ने हुन्छ।

**सूचनाको हक :** प्रत्येक नागरिकलाई खानेपानीसँग सम्बन्धित विषयवस्तु र यसको गुणस्तरका साथै खानेपानीसम्बन्धी नीति, कानुन र कार्यक्रमहरूको बारेमा जानकारी पाउने हक रहेको हुन्छ। सूचनाको हकले खानेपानीका सन्दर्भमा पारदर्शिता कायम गर्न मद्दत गर्दछ। नेपालमा सूचनाको हकका

लागि संविधानमा निम्न अनुसारको व्यवस्था गरिएको छ भने यो हकको कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन २०६४ तर्जुमा गरिएको छ, जसका आधारमा नागरिकले खानेपानी र सरसफाइसम्बन्धी आफूलाई आवश्यक परेको सूचना माग गर्न सक्दछन् :

**धारा २७. सूचनाको हक :** प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ ।

## ३.२ सूचनाको हकसम्बन्धी ऐन, २०६४

राज्यका काम कारबाही लोकतान्त्रिक पद्धति अनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउनका लागि यो ऐनको तर्जुमा गरिएको हो । यस ऐन अनुसार प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच रहेको हुनुपर्दछ ।

## ३.३ सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४

सुशासन ऐनमा प्रशासन सञ्चालनसम्बन्धी सामान्य प्रावधानहरूको व्यवस्था, प्रशासनिक कार्यको सञ्चालन तथा जिम्मेवारी, प्रशासनिक कार्य सम्पादन गर्दा अपनाउनु पर्ने कार्यविधि तथा पदीय उत्तरदायित्वको निर्वाह लगायतका विविध व्यवस्था गरिएको छ । यस ऐनमा गरिएका व्यवस्थाहरूको उपयोग गरी खानेपानी तथा सरसफाइको क्षेत्रमा सुशासन कायम गर्न सकिन्छ । खानेपानी तथा सरसफाइको क्षेत्रमा सुशासन कायम गर्नका लागि यस ऐनका निम्न दफाहरूमा गरिएका निम्न व्यवस्थाहरू विशेष महत्वका छन् :

**७. नेपाल सरकारले अख्तियार गर्ने नीतिहरू :**

(१) संविधान तथा अन्य प्रचलित कानुनमा व्यवस्था भएका नीति एवं समय समयमा अख्तियार गरिएका नीतिका अतिरिक्त मुलुकको प्रशासनिक कार्य सम्पादन गर्दा नेपाल सरकारले देहायका नीति अख्तियार गर्नेछ :

(क) आर्थिक उदारीकरण,

(ख) गरिबी निवारण,

(ग) सामाजिक न्याय,

(घ) प्राकृतिक तथा अन्य सार्वजनिक स्रोतको दीगो तथा कुशल व्यवस्थापन,

(ङ) महिला सशक्तिकरण तथा लैङ्गिक न्यायको विकास,
(च) वातावरणीय संरक्षण,
(छ) जनजाति, दलित र पिछडिएका वर्गको उत्थान,
(ज) दूर्गम क्षेत्रको विकास तथा सन्तुलित क्षेत्रीय विकास ।

**१४. निश्चित कार्यविधि अवलम्बन गर्नु पर्ने :**

यस ऐन वा अन्य प्रचलित कानुन बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानुनमा कुनै कार्यविधिको व्यवस्था भएको रहेछ भने त्यस्तो कार्यविधि र त्यस्तो व्यवस्था नभएकोमा निर्णय गर्नु पर्ने विषयको प्रकृति हेरि उपयुक्त कार्यविधि अपनाउनु पर्नेछ ।

**१५. निश्चित समयावधिभित्र निर्णय गर्नु पर्ने :**

(१) यस ऐन वा अन्य प्रचलित कानुन बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानुन बमोजिम कुनै निश्चित अवधिभित्र निर्णय गर्नु पर्ने रहेछ भने सोही समयावधिभित्र र त्यस्तो व्यवस्था नभएकोमा निर्णय गर्नु पर्ने विषयको प्रकृति हेरी निर्णय गर्न पाउने अधिकारीले उपयुक्त ठहऱ्याएको समयावधिभित्र निर्णय गर्नु पर्नेछ ।

**१६. निर्णय गर्दा पारदर्शिता कायम गर्नु पर्ने :**

(१) यस ऐन वा अन्य प्रचलित कानुन बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा पारदर्शी ढङ्गबाट गर्नु पर्नेछ ।

**स्पष्टीकरण :** यस ऐनको प्रयोजनको लागि "पारदर्शिता" भन्नाले निश्चित मापदण्डको आधारमा निर्णय गर्नुपर्ने प्रक्रिया सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम गोप्य राख्नु पर्ने कुरालाई प्रतिकूल असर पार्ने छैन ।

(२) उपदफा (१) बमोजिम पारदर्शिता कायम गर्न निर्णय गर्ने अधिकारीले निर्णय गर्नु पर्ने विषयमा आफ्ना मातहतका कर्मचारीको राय तथा परामर्शलाई ध्यान दिन सक्नेछ ।

(३) निर्णय गर्नु पर्ने विषयको कारबाही एक तहबाट प्रारम्भ भई अर्को तहबाट निर्णय गर्नु पर्ने रहेछ भने प्रत्येक तहमा संलग्न रहने पदाधिकारीले सो विषयमा आफ्नो स्पष्ट राय ठहर सहित निर्णय गर्नु पर्ने विषय निर्णय गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्णय गर्ने प्रक्रियामा संलग्न रहेका प्रत्येक तहका

पदाधिकारीले पेश गरेको रायमा कुनै प्रश्न उठेको देखिएमा निर्णय गर्ने अधिकारीले निर्णय गर्दा त्यस्तो प्रश्नको पनि सम्बोधन गर्नु पर्नेछ ।

(५) कुनै निर्णय गर्दा कानुनी वा प्राविधिक प्रश्नको पनि निरूपण गर्नु पर्ने रहेछ त्यस्तो विषयमा कुनै कानुनविज्ञ वा प्राविधिकको राय लिन निर्णय गर्ने अधिकारीले मनासिब ठानेमा त्यस्तो राय लिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम राय लिएकोमा त्यस्तो रायलाई समेत आधार मानी निर्णय गर्न सकिनेछ र त्यस्तो रायलाई मान्नु नपर्ने देखेमा सोको कारण खुलाई निर्णय गर्नु पर्नेछ ।

(७) पारदर्शिता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२५. नागरिक बडापत्र राख्नु पर्ने :**

(१) सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने ठाउँमा तोकिए बमोजिम नागरिक बडापत्र राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको नागरिक बडापत्रमा अन्य कुराको अतिरिक्त देहायका कुराहरू उल्लेख भएको हुनु पर्नेछ :

(क) सम्बन्धित कार्यालयले दिने सेवा र त्यसको प्रकृति,

(ख) सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यविधि,

(ग) सेवा प्रदान गर्न लाग्ने समयावधि,

(घ) सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण,

(ङ) सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सोको विवरण,

च) तोकिए बमोजिमका अन्य कुराहरू ।

(३) उपदफा (१) मा उल्लेख भएका कुराहरू सम्बन्धित कार्यालयलाई बाध्यात्मक हुनेछन् र सो बमोजिम कार्य सम्पादन गरी सर्वसाधारणलाई सेवा प्रदान गर्नु सम्बन्धित कार्यालय प्रमुख तथा अन्य कर्मचारीको कर्तव्य हुनेछ ।

(४) मनासिब कारणबिना उपदफा (१) बमोजिमको नागरिक बडापत्र बमोजिम कार्य सम्पादन नभई सेवाग्राहीले सेवा प्राप्त गर्न नसकेमा सम्बन्धित कार्यालयको प्रमुख तथा सोको जिम्मेवार कर्मचारीउपर विभागीय कारबाही हुन सक्नेछ ।

(५) मनासिब कारणबिना उपदफा (१) बमोजिमको नागरिक बडापत्र बमोजिम कार्य सम्पादन नभई सेवाग्राहीले सेवा प्राप्त गर्न नसकी सेवाग्राहीलाई कुनै हानि नोक्सानी हुन गएकोमा सो हानि नोक्सानी बापतको क्षतीपूर्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) नागरिक बडापत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२८. जनताको सहभागिता र स्वामित्वसम्बन्धी व्यवस्था :**

(१) नेपाल सरकारले कुनै परियोजना वा आयोजना जनताको प्रत्यक्ष सहभागिता र स्वामित्वमा सञ्चालन हुने व्यवस्था मिलाउन सक्नेछ ।

(२) परियोजना वा आयोजनामा जनताको प्रत्यक्ष सहभागिता र स्वामित्व सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ३.४ सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५

यस नियमावलीमा सेवा प्रवाहमा ढिला सुस्ती गर्न नहुने, सेवा प्रवाहमा सेवाग्राहीको सहभागिता लगायतका विषयमा विभिन्न व्यवस्था गरिएको छ । खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासनका लगि यस नियमावलीको नियम १७ मा गरिएको व्यवस्था सान्दर्भिक रहेको छ :

**१७. जनताको सहभागिता र स्वामित्व :**

(१) ऐनको दफा २८ को उपदफा (२) बमोजिम परियोजना वा आयोजनामा जनताको प्रत्यक्ष सहभागिता र स्वामित्वसम्बन्धी व्यवस्था कायम गर्दा देहायबमोजिम गर्नुपर्नेछ :

(क) परियोजना वा आयोजनाको छनौट गर्दा जनताको मागको आधारमा गर्ने,

(ख) परियोजना वा आयोजनाको सञ्चालन उपभोक्ता समितिमार्फत गर्ने व्यवस्था मिलाउने,

(ग) परियोजना वा आयोजनामा उपभोक्ताको लगानी हुने व्यवस्था मिलाउने,

(घ) परियोजना वा आयोजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा जनसहभागिता सुनिश्चित हुने व्यवस्था मिलाउने ।

(२) उपनियम (१) मा उल्लिखित सहभागिता र स्वामित्वसम्बन्धी व्यवस्थामध्ये सबै वा कुनै व्यवस्था मिलाउने गरी नेपाल सरकारले तोक्न सक्नेछ ।

## ३.५ उपभोक्ता संरक्षण ऐन, २०५४

उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्ता

वर्गलाई संरक्षण प्रदान गरी उपभोग्य वस्तु वा सेवाको गुण वा उपयोगिता घटाउन वा झिक्न नपाउने व्यवस्था गर्न, एकाधिकार एवं अनुचित व्यापारिक क्रियाकलापद्वारा मूल्य अभिवृद्धि हुन सक्ने अवस्थालाई रोक्न र उपभोग्य वस्तु वा सेवाको उपयोगिता एवं प्रयोग सम्बन्धी झुट्टा तथा भ्रमात्मक प्रचार प्रसार हुन नदिई सुरक्षित तथा गुणस्तरयुक्त उपभोग्य वस्तु वा सेवाको बिक्री वितरण, निकासी, पैठारी र सञ्चय सम्बन्धी व्यवस्था गर्न तथा उपभोक्तालाई पर्ने मर्काको विरुद्ध उपचार दिलाउने निकायको स्थापना गरी उपभोक्ताको हक, हित र अधिकारको संरक्षण गर्न यो ऐनको तर्जुमा गरिएको हो । यस ऐनमा गरिएका निम्न व्यवस्थाहरू खानेपानी तथा सरसफाइको क्षेत्रमा सुशासन कायम गर्नका लागि पनि निकै महत्वपूर्ण रहेका छन् :

**७. माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्न नहुने :**

कसैले पनि कुनै व्यक्तिसँग मिली देहायका कुनै काम गरी कुनै उपभोग्य वस्तु वा सेवाको माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्न हुदैन :

(क) कुनै उपभोग्य वस्तुको लागि चाहिने कच्चा पदार्थको कोटा निर्धारण गरी वा कुनै उपभोग्य वस्तुको उत्पादन घटाउन वा त्यस्तै अन्य कुनै काम गरी,

(ख) कुनै उपभोग्य वस्तु वा सेवा सञ्चित गरी वा अन्य तवरले कृत्रिम अभाव खडा गरी वा निर्धारित समय वा स्थानमा मात्र त्यस्तो वस्तु वा सेवा बिक्री वितरण गर्ने गरी वा त्यस्तै अन्य कुनै काम गरी ।

**८. उपभोग्य वस्तु वा सेवाको आपूर्तिलाई व्यवस्थित तथा नियन्त्रित गर्ने अधिकार :**

(१) उपभोक्ताको हक हित संरक्षण गर्नको निमित्त उपभोग्य वस्तु वा सेवाको आपूर्तिलाई व्यवस्थित, नियन्त्रित तथा नियमित गर्न नेपाल सरकारले देहाय बमोजिमको अधिकार प्रयोग गर्नेछ :

(क) उपभोग्य वस्तु वा सेवाको गुणस्तर, मूल्य निर्धारण र आपूर्ति व्यवस्था सम्बन्धी नीति निर्माण गर्ने,

(ख) उपभोक्ताको हक हितमा प्रतिकूल असर पार्ने किसिमका एकाधिकार तथा अनुचित व्यापारिक क्रियाकलापलाई अनुगमन, रोकथाम र नियन्त्रण गर्ने सम्बन्धमा कार्य योजना बनाई उक्त कार्य योजना कार्यान्वयन गर्ने,

(ग) देश भित्र खपत हुने उपभोग्य वस्तुको माग र आपूर्ति स्थितिको विश्लेषण तथा समीक्षा गर्ने,

(घ) उपभोग्य वस्तुको उत्पादक, बिक्रेता वा वितरकहरूले अवाञ्छित तरिकाले गरेको मूल्य वृद्धिलाई रोक्न आवश्यक व्यवस्था गर्ने,

(ङ) उपभोग्य वस्तुको कृत्रिम वा अनुपयुक्त तवरले अभाव सृजना गर्ने किसिमका अनुचित व्यापारिक क्रियाकलापलाई हतोत्साहित गर्ने ।

(२) उपभोक्ताको हक हित संरक्षण, आपूर्ति व्यवस्था नियमित र उपभोग्य वस्तु सेवाको मूल्य एवं गुणस्तर नियन्त्रण सम्बन्धी व्यवस्थाहरूको प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्नेछ ।

९. **उपभोग्य वस्तुमा उल्लेख गर्नुपर्ने कुराहरू :** उत्पादकले उपभोग्य वस्तुको लेबलमा देहायका कुराहरू अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ :

(क) उत्पादकको नाम, ठेगाना र उद्योगको दर्ता नम्बर ।

(ख) खाद्य पदार्थ र औषधि जस्ता उपभोग्य वस्तुमा उक्त वस्तुको मिश्रण, त्यसको परिमाण र तौल ।

(ग) गुणस्तर निर्धारण भएको उपभोग्य वस्तुमा सो वस्तुको गुणस्तर

(घ) उपभोग्य वस्तु उपभोग गर्ने तरिका र सो वस्तु उपभोग गरेबाट हुन सक्ने प्रभाव ।

(ङ) उपभोग्य वस्तुको मूल्य, ब्याच नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति ।

(च) इलेक्ट्रोनिक, हार्डवेयर तथा यान्त्रिक जस्ता उपभोग्य वस्तुमा सो वस्तुको ग्यारेण्टी, ग्यारेण्टी मिति तथा अन्य आवश्यक कुराहरू ।

(छ) प्रज्वलनशील, दुर्घटनाजन्य वा सजिलैसँग टुटफुट हुन सक्ने उपभोग्य वस्तुमा सो वस्तुको सुरक्षाको लागि अपनाउनु पर्ने कुराहरू ।

(ज) तोकिए बमोजिमका अन्य कुराहरू ।

१०. **उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा गर्न नहुने काम :** कसैले पनि कुनै उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा देहायका कुनै काम गर्न, गराउन हुँदैन :

(क) कमसल उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण वा निकासी पैठारी गर्न ।

(ख) उपभोक्तालाई झुक्याउने गरी कुनै उपभोग्य वस्तुको नक्कल गर्न ।

(ग) कुनै उपभोग्य वस्तु वा सेवालाई अर्को उपभोग्य वस्तु वा सेवा हो भनी वा निम्नस्तरको उपभोग्य वस्तु वा सेवालाई उच्चस्तरको उपभोग्य वस्तु वा सेवा हो भनी ढाँटी वा झुक्याई बिक्री वितरण गर्न ।

(घ) कुनै उपभोग्य वस्तु वा सेवाको प्रयोग, उपयोगिता वा प्रभावकारिताको

सम्बन्धमा झुट्टा वा भ्रामात्मक प्रचार प्रसार वा विज्ञापन गर्ने किसिमले अनुचित व्यापारिक क्रियाकलाप गर्न ।

२२. **क्षतिपूर्तिको दाबी गर्न सक्ने :** यस ऐनको विपरीत हुने गरी उपभोग्य वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गरेको कारणबाट कुनै उपभोक्तालाई कुनै पनि किसिमको हानी नोक्सानी हुन गएमा त्यस्तो उपभोक्ताको तर्फबाट कुनै उपभोक्ता संस्थाले त्यस्तो उपभोग्य वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गर्ने व्यक्तिबाट क्षतिपूर्ति भराई पाउँ भनी क्षतिपूर्ति समिति समक्ष त्यसरी हानी नोक्सानी पुगेको पैंतीस दिनभित्र उजुरी गर्न सक्नेछ ।

## ३.६ नेपाल सरकार (कार्य-विभाजन) नियमावली, २०६९

नेपाल सरकारको कार्य विभाजन नियमावली, २०६९ को नियम २३ मा शहरी विकास मन्त्रालयको व्यवस्था गरिएको छ । यस नियमावलीले खानेपानी तथा सरसफाइको क्षेत्र हेर्ने सरकारी मन्त्रालयको रूपमा शहरी विकास मन्त्रालयलाई तोकेको छ । यस मन्त्रालयका खानेपानी तथा सरसफाइसम्बन्धी मुख्य-मुख्य कार्यहरू निम्नानुसार रहेका छन् :

- खानेपानी, सरसफाइ तथा ढल निकास
- काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड
- काठमाडौं उपत्यका खानेपानी लिमिटेड
- काठमाडौं उपत्यका खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयन निर्देशनालय
- नेपाल खानेपानी संस्थान
- फोहरमैला तथा स्रोत परिचालन केन्द्र
- मेलम्ची खानेपानी विकास समिति तथा मेलम्ची खानेपानी आयोजना
- अधिकार सम्पन्न वाग्मती सभ्याता एकिकृत समिति
- खानेपानी महशुल निर्धारण आयोग

यहाँ उल्लेखित कानुनी व्यवस्थाहरूले खासगरी सरकारी निकायलाई सुशासनका लागि मुख्य जिम्मेवार निकायको रूपमा विभिन्न जिम्मेवारी, दायित्व र अधिकार प्रदान गरेको छ, यस्तो दायित्व तथा जवाफदेहिता पूरा गर्ने क्रममा गरिने कार्यहरू खानेपानी तथा सरसफाइका सन्दर्भमा पनि लागु हुन्छन् ।

# ४. खानेपानी तथा सरसफाइ कानुनमा सुशासनसम्बन्धी व्यवस्था

नेपालका खानेपानी तथा सरसफाइ कानुनहरूमा यस क्षेत्रमा सुशासन कायम गर्नका लागि विभिन्न व्यवस्थाहरू गरिएका छन् । यी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन भएको अवस्थामा खानेपानी तथा सरसफाइको क्षेत्रमा सुशासन कायम हुन सक्दछ । खानेपानी तथा सरसफाइका क्षेत्रमा सुशासन कायम गर्नका लागि गरिएका केही मुख्य व्यवस्थाहरू निम्न अनुसार रहेका छन् :

## ४.१ जलश्रोत ऐन २०४९

जलश्रोत ऐन २०४९ मा जलस्रोतको प्रयोग गर्दा घरायसी प्रयोगको लागि खानेपानी प्रयोगलाई पहिलो प्राथमिकता प्रदान गरेको छ । जलस्रोतको स्वामित्व, जल उपभोक्ता संस्थाको गठन, दर्ता र सञ्चालन एवं जलस्रोतलाई प्रदुषण गर्न नहुने विषयमा गरिएका व्यवस्थाहरू सुशासनका दृष्टिकोणले निकै महत्वका छन् । जलस्रोत ऐनमा गरिएका केही मुख्य व्यवस्था निम्न अनुसार रहेका छन्, जसले राज्य, समुदाय र सरोकारवालाहरूको दायित्व, जिम्मेवारी र जवाफदेहितालाई पनि ध्यान दिएको छ :

**३. जलस्रोतको स्वामित्व :**

नेपाल अधिराज्यभित्र रहेको जलस्रोतको स्वामित्व नेपाल राज्यमा निहित रहनेछ ।

**४. जलस्रोत उपयोग :**

(१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमतिपत्र लिनुपर्ने छैन :-

(क) व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

**५. जल उपभोक्ता संस्थाको गठन :**

(१) सामूहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरूले तोकिए बमोजिम जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई तोकिएको अधिकारी वा निकाय समक्ष तोकिएबमोजिम दर्ता गराउनु पर्नेछ ।

**६. उपभोक्ता संस्था सङ्गठित संस्था हुने :**

(१) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजूर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नासिल उजूर लाग्न सक्नेछ ।

**७. जलस्रोत उपयोगको प्राथमिकताक्रम :**

(१) जलस्रोतको उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछ : (क) खानेपानी र घरेलु उपयोग,

**१३. सेवा उपभोगका शर्तहरू तोक्न र सेवा शुल्क असूल उपर गर्न पाउने :**

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन र त्यस्तो सेवा वापत शुल्क असूल उपर गर्न सक्नेछ ।

(२) नेपाल सरकारले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतको सेवा शुल्क तोकिएबमोजिम निर्धारण गरी असूल उपर गर्न सक्नेछ ।

**१४. सेवा रोक्न सकिने :**

सेवा उपभोग गरे वापत बुझाउनुपर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा

अनाधिकार रूपले उपयोग गर्ने वा सेवा दुरूपयोग गर्ने वा शर्त विपरीत सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सकिनेछ ।

**१५. अरूको घरजग्गामा प्रवेश गर्न सक्ने :**

नेपाल सरकारले वा अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको सर्वेक्षण वा उपयोगको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा नेपाल सरकार वा अनुमतिपत्र प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ । त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा नेपाल सरकारले वा अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिएबमोजिम क्षतिपूर्ति दिनेछ ।

तर कुनै घर जग्गामा जलस्रोतको अनधिकृत उपयोग वा दुरूपयोग गरी रहेको शङ्का हुने मनासिब माफिकको कारण भएमा सो कुराको जाँचबुझ गर्न वा कुनै दुर्घटनाबाट बचाउन पूर्व सूचना बिना पनि त्यस्तो कर्मचारीले सम्बन्धित घर जग्गमा प्रवेश गर्न सक्नेछ ।

**१९. जलस्रोतलाई प्रदूषित गर्न नहुने :**

(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जलस्रोतको प्रदूषण सहन-सीमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको जलस्रोतको प्रदूषण सहन-सीमा नाघ्ने गरी कसैले पनि कुनै किसिमको फोहरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदूषित गर्नु हुँदैन ।

(३) कुनै जलस्रोत प्रदूषित भए नभएको वा कुनै जलस्रोत उपयोगको सम्बन्धमा दफा १८ को उपदफा (१) बमोजिम तोकिएको गुणस्तर भए नभएको सम्बन्धमा तोकिएको अधिकारीले आवश्यकता अनुसार परीक्षण गर्न गराउन सक्नेछ ।

## ४.२ जलश्रोत नियमावली २०५०

यस नियमावलीमा जल उपभोक्ता संस्था र जिल्ला जलस्रोत समितिको गठन प्रक्रिया, जलश्रोत उपयोगको विवाद सम्बन्धी जाँचबुझ लगायतका विषयमा विभिन्न व्यवस्थाहरू गरिएको छ र यी व्यवस्थाले खानेपानी र समग्र

जलस्रोत व्यवस्थापनमा सुशासन स्थापना गर्न मद्दत पुग्न सक्दछ। यस नियमावलीमा सुशासनका लागि गरिएका मुख्य व्यवस्थाहरू निम्न अनुसार रहेका छन् :

**२८. जलस्रोत उपयोग जाँचबुझ समिति :**

(१) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधानको लागि देहायका अध्यक्ष तथा सदस्यहरू भएको एक जलस्रोत उपयोग जाँचबुझ समिति रहनेछ:

(क) प्रतिनिधि, जलस्रोत मन्त्रालय - अध्यक्ष

ख) प्रतिनिधि, सम्बन्धित जिल्ला विकास समिति - सदस्य

ग) प्रतिनिधि, राष्ट्रिय योजना आयोगको क्षेत्रीय कार्यालय - सदस्य

(२) दुई वा दुई भन्दा बढी जिल्लाहरूबीच जलस्रोतको उपयोग सम्बन्धी विवाद उत्पन्न भएमा उपनियम (१) को खण्ड (ख) बमोजिम विवादसँग सम्बन्धित प्रत्येक जिल्लाको जिल्ला विकास समितिको एक एक जना प्रतिनिधिहरू रहनेछन् ।

(३) उपनियम (१) बमोजिमको जलस्रोत उपयोग जाँचबुझ समितिले स्रोतको उपयोगमा उत्पन्न विवाद समाधान गर्दा देहायको कार्यविधि अपनाउनेछ :

(क) जलस्रोत उपयोगको परियोजनाबाट लाभान्वित हुने स्थानीय व्यक्तिहरूबीच जलस्रोत उपयोगको प्राथमिकता निर्धारण वा जलस्रोत सम्बन्धी कुनै परियोजना सञ्चालन गरेबाट स्थानीय व्यक्तिहरूलाई पर्न जाने मर्काको सम्बन्धमा विवाद उठेमा सम्बन्धित सबै अनुमतिपत्र प्राप्त व्यक्ति, संगठित संस्था तथा स्थानीय व्यक्तिहरूलाई छुट्टाछुट्टै वा सामूहिक रूपमा आफ्नो दावी पुष्ट्याइँ हुने तथ्यहरू उल्लेख गरी लिखित जानकारी पेश गर्न मुनासिव माफिकको म्याद तोकी दिनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम तोकिएको म्यादभित्र लिखित जानकारी प्राप्त भएपछि परियोजनास्थल समेतको स्थलगत अध्ययन गरी मुख्यतया देहायको विषयमा जानकारी लिनु पर्नेछ:

(अ) परियोजनाको कुल खर्च,

(आ) परियोजनाबाट हुने फाइदाको स्तर,

(इ) आयोजना सञ्चालन गर्दा सम्बन्धित जलस्रोतबाट उपयोग गरी रहेका व्यक्ति वा समूहलाई पर्न सक्ने असर,

(ई) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताको संख्या,

(उ) परियोजना सञ्चालन गर्दा वातावरणमा पर्ने प्रभाव,

(ऊ) स्थानीय जनताको आवश्यकता,

(ए) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको प्रतिक्रिया,

(ऐ) अन्य आवश्यक कुराहरू ।

(ग) खण्ड (ख) मा उल्लेख भएका विषयहरूमा जानकारी प्राप्त गरेपछि सोको आधारमा जलस्रोतको लाभदायक उपयोग भए नभएको र जलस्रोत उपयोग गर्न पाउने कुराको निर्धारण गरिनेछ ।

(घ) उपनियम (३) को खण्ड (ग) बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कुराको निर्धारण गर्दा जलस्रोत उपयोग जाँचबुझ समितिले कुनै जलस्रोतको उपयोग गर्ने शर्तहरू समेत तोक्न सक्नेछ ।

**२९. वार्षिक शुल्क :**

अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरूलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए वापत नेपाल सरकारलाई बुझाउनु पर्ने वार्षिक शुल्क अनुसूची-९ मा तोकिए बमोजिम हुनेछ ।

**३०. सेवा शुल्क निर्धारण समिति :**

(१) नेपाल सरकारले विकास गरेको जलस्रोतको उपयोगको सेवा शुल्क निर्धारण गर्न र निर्धारित समयभित्र सेवा शुल्क नबुझाउने उपभोक्ताले तिर्नुपर्ने अतिरिक्त सेवा शुल्कको दर समेत निर्धारण गर्न देहायका अध्यक्ष तथा सदस्यहरू भएको एक सेवा शुल्क निर्धारण समिति रहनेछ :

(क) नेपाल सरकारले तोकेको व्यक्ति -अध्यक्ष

(ख) उपभोक्ताहरूमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति - सदस्य

(ग) नेपाल सरकारले तोकेको व्यक्ति - सदस्य सचिव

(२) सेवा शुल्क निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि उक्त समिति आफैले गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम सेवा शुल्क निर्धारण समितिले सेवा शुल्क निर्धारण गर्दा ह्रासकट्टी दर, उपयुक्त लाभ, संरचनाको तरिका, उपभोक्ता मूल्य सूचीको परिवर्तन जस्ता कुराहरूको आधारमा सेवा शुल्क निर्धारण गर्नेछ ।

## ४.३ खानेपानी नियमावली २०५५

यस नियमावलीको परिच्छेद-२ मा खानेपानी उपभोक्ता संस्थाको गठन तथा दर्ता, परिच्छेद-३ मा श्रोत सर्वेक्षणका लागि अनुमतिपत्रको व्यवस्था, परिच्छेद-४ मा स्रोत उपयोगको विवाद समाधान, परिच्छेद-५ मा संरचनाको सुरक्षा र मर्मत संभार, परिच्छेद-६ मा सेवा उपयोग सम्बन्धी व्यवस्था, परिच्छद-६ मा सेवा शुल्कसम्बन्धी ब्यवस्था लगायतका व्यवस्थाहरू गरिएको छ । यो नियमावलीले नेपालमा सफल रूपमा सञ्चालित सामुदायिक खानेपानी प्रणालीहरूको बारेमा भने स्पष्ट व्यवस्था गरिएको छैन । त्यसैले खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासन कायम गर्नका लागि यो नियमावलीमा गरिएका व्यवस्थाहरू प्रयाप्त छैनन् । तथापी, सार्वजनिक एवं निजी क्षेत्रबाट खानेपानी आपूर्ति गर्ने प्रणालीहरूले पालना गर्नुपर्ने केही जिम्मेवारीहरूका बारेमा नियमावलीमा निम्न व्यवस्था गरिएको छ, जुन व्यवस्थाहरू सुशासनको दृष्टिकोणले महत्वपूर्ण रहेका छन् ।

**८. स्रोतको पानीमा उपभोक्ता संस्थाको अधिकार कायम रहने :**

(१) नियम ६ बमोजिम उपभोक्ता संस्था दर्ता भएपछि उपभोक्ता संस्थाले उपयोग गर्न तोकिएको हदसम्मको परिमाण बराबरको स्रोतमा उपभोक्ता संस्थाको अधिकार रहनेछ ।

(२) यो नियमावली प्रारम्भ हुनु अघि नेपाल सरकारले विकास गरेको खानेपानी परियोजनाको सञ्चालन गर्न ऐनको दफा ११ बमोजिम कुनै उपभोक्ता संस्थालाई हस्तान्तरण गरेको भए त्यस्तो उपभोक्ता संस्थाले उपभोग गर्ने हदसम्मको परिणाम बराबरको पानीको स्रोतमा त्यस्तो उपभोक्ता संस्थाको अधिकार कायम रहनेछ ।

**२३. स्रोत उपभोग विवाद निरूपण समिति :**

(१) उपभोक्ता संस्थाले विकास र सञ्चालन गर्ने स्रोत उपयोगको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधानका लागि देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरू भएको एक स्रोत उपभोग विवाद निरूपण समिति रहनेछ :

(क) सभापति, जिल्ला विकास समिति - अध्यक्ष

(ख) प्रतिनिधि, जिल्ला सिंचाइ कार्यालय - सदस्य

(ग) प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय - सदस्य

(घ) प्रमुख, जिल्ला खानेपानी कार्यालय - सदस्य सचिव

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए पनि अनुमतिपत्र प्राप्त व्यक्तिले विकास तथा सञ्चालन गर्ने परियोजनाको स्रोत उपयोगको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधानका लागि देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरू रहेको स्रोत उपयोग विवाद निरूपण समिति रहनेछ :

(क) नेपाल सरकारले तोकेको व्यक्ति - अध्यक्ष

(ख) प्रतिनिधि, आवास तथा भौतिक योजना मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, जलस्रोत मन्त्रालय - सदस्य

(घ) प्रमुख, जिल्ला खानेपानी कार्यालय - सदस्य सचिव

(३) दुई वा दुईभन्दा बढी जिल्लाहरूमा रहेको एउटै स्रोत उपयोग सम्बन्धमा विवाद उत्पन्न भएमा उपनियम (१) बमोजिमको समितिमा स्रोत उपयोग सम्बन्धमा दरखास्त नपरेको जिल्लाका जिल्ला विकास समितिको प्रतिनिधि र उपनियम (२) बमोजिमको समितिमा स्रोत उपयोग सम्बन्धमा विवाद परेको जिल्लाको जिल्ला विकास समितिका प्रातिनिधि समेत सदस्य रहनेछन् ।

**२५. गुणस्तर कायम राख्नु पर्ने :**

नेपाल सरकारले ऐनको दफा १८ बमोजिम खानेपानीको लागि निर्धारण गरेको गुणस्तर पानी आपूर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराउने खानेपानीमा कायम राख्नु पर्नेछ ।

**२६. स्रोतलाई प्रदुषित बनाउन नहुने :**

पानी आपूर्तिकर्ताले स्रोतमा प्रदुषण हुनेगरी संरचनाको निर्माण गर्न तथा अन्य कुनै प्रकाको कार्यहरू गर्नु हुँदैन ।

**२७. वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुने :**

पानी आपूर्तिकर्ताले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी संरचनाको निर्माण गर्न तथा अन्य कुनै प्रकारको कार्यहरू गर्नु गराउनु हुँदैन ।

**२८. परियोजनानको मर्मत :**

(१) पानी आपूर्तिकर्ताले आफ्नै स्रोत र साधनको प्रयोग गरी परियोजनाको सामान्य मर्मत गर्नु पर्नेछ ।

(२) पानी आपूर्तिकर्ताले आफ्नै स्रोत र साधनले मात्र परियोजनाको सामान्य मर्मत गर्न नसक्ने भएमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकासँग आर्थिक सहयोग र जिल्ला खानेपानी कार्यालयसँग आवश्यक प्राविधिक सहयोग माग गरी परियोजनाको सामान्य मर्मत गर्नुपर्नेछ ।

**२९. सेवा उपलब्ध गराउने आधार :**

पानी आपूर्तिकर्ताले सेवा उपलब्ध गराउँदा देहायका विषयलाई आधार बनाउनेछ :

(क) भौगोलिक स्थिति,

(ख) जनसंख्या

(ग) स्रोतमा उपलब्ध हुन सक्ने पानीको परिमाण

(घ) संरचनाको क्षमता

(ङ) अन्य प्राविधिक कुराहरू

**३०. सेवा उपयोग गर्न प्राथमिकता दिने :**

(१) पानी आपूर्तिकर्ताले नियम २९ बमोजिम निर्धारित आधारहरूको अधिनमा रही देहायका उपभोक्तालाई सेवा उपयोग गर्न प्राथमिकता दिनेछ :

(क) स्वास्थ्य चौकी, अनाथालय, वृद्धाश्रम तथा सामाजिक संस्था,

(ख) बाढी, आगलागी, महामारी, रोगव्याधी फैलिई वा त्यस्तै अन्य कुनै प्राकृतिक वा दैबी प्रकोपको कारणले अस्थायीरूपमा खडा गरिएको शिविर,

(ग) विद्यालय, छात्रावास, प्रहरी चौकी, सरकारी अर्धसरकारी वा गैरसरकारी कार्यालय तथा त्यस्तो कार्यालयको कर्मचारीको आवास गृह,

(घ) सर्वसाधारण नागरिकको आवास गृह

(ङ) अत्यन्त जरुरी सार्वजनिक महत्वको निर्माण कार्य,

(च) उद्योग तथा कारखाना भए त्यस्तो उद्योग र कारखानामा काम गर्ने कामदारहरू

(२) उपनियम (१) मा लेखिएदेखि बाहेक सेवा उपलब्ध गराउने प्राथमिकताको क्रम निर्धारण गर्दा पानी आपूर्तिकर्ताले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका, जिल्ला खानेपानी कार्यालय र समितिसँग आवश्यक परामर्श गर्नेछ ।

## ४.४ खानेपानी व्यवस्थापन वोर्ड ऐन, २०६३

नगरपालिका क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवालाई नियमित,

व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई त्यस्तो क्षेत्रका बासिन्दालाई भरपर्दो सेवा प्रदान गर्ने गराउने उचित र प्रभावकारी व्यवस्था गर्न यो ऐनको तर्जुमा गरिएको हो । यस ऐनको दफा २ मा खानेपानी तथा सरसफाइ सेवाको बोरमा निम्न अनुसारको व्यवस्था गरिएको छ र यस्तो सेवा प्रदान गर्ने कार्यमा सरकारका सम्बन्धित निकाय, स्थानीय निकाय र सेवा प्रदायक निकायको महत्वपूर्ण दायित्व, जिम्मेवारी र जवाफदेहिता रहेको हुन्छ :

**२. परिभाषा :**

(झ) "खानेपानी सेवा" भन्नाले प्राकृतिक पानीलाई प्रशोधन तथा शुद्धीकरण गरी उपभोक्तालाई पानी उपलब्ध गराउने काम सम्झनु पर्छ ।

(ञ) "सरसफाइ सेवा" भन्नाले मानव मलमूत्रबाट वा घरेलु, व्यापारिक वा औद्योगिक उपयोग पश्चात् निष्काशन भएको फोहर पानी तथा त्यस्तो पानीमा मिश्रित सबै किसिमका फोहर पदार्थलाई नष्ट गर्ने, निष्काशन गर्ने, प्रशोधन गर्ने वा शुद्धिकरण गर्ने काम सम्झनु पर्छ ।

**३. बोर्ड गठन गर्न सक्ने :**

(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यो ऐन प्रारम्भ हुँदाका बखत कुनै सरकारी निकाय वा संस्थानले सञ्चालन गरिरहेको एक वा एकभन्दा बढी नगरपालिका क्षेत्रको सेवा प्रणाली तथा सेवालाई प्रभावकारीरूपमा सञ्चालन तथा व्यवस्थापन गर्न गराउन सम्बन्धित नगरपालिकासँग परामर्श गरी आवश्यकता अनुसार खानेपानी व्यवस्थापन बोर्ड गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रणाली तथा सेवा गाउँ विकास समितिको केही वा पूरै भागमा समेत सञ्चालन भइरहेको रहेछ भने सो गाउँ विकास समितिको त्यस्तो भागसमेतलाई उपदफा (१) बमोजिम गठन हुने बोर्डको भौगोलिक क्षेत्रभित्र समावेश गर्न सकिनेछ ।

**६. बोर्डको काम, कर्तव्य र अधिकार :**

यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) सेवा प्रणाली प्राप्त, निर्माण, विस्तार, सुधार तथा पुनर्स्थापना गर्ने गराउने,

(ख) सेवाको उपयोगसम्बन्धी नीति बनाई कार्यान्वयन गर्ने गराउने,

(ग) खानेपानीको दुरूपयोग रोक्ने तथा खानेपानी प्रदूषित हुन नदिने,

(घ) खानेपानीको स्रोत, वितरण तथा सरसफाइ सम्बन्धमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने गराउने,

(ङ) सेवा प्रणालीसम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने गराउने,

(च) सेवा सञ्चालनको लागि आवश्यक पर्ने लगानी निश्चित गरी सोको योजना तयार गर्ने र आर्थिक स्रोतको व्यवस्था गर्ने गराउने,

(छ) सेवाको विस्तार तथा विकासका लागि आवश्यक पर्ने रकमको स्रोत पहिचान गरी प्राप्त गर्ने,

(ज) प्रचलित कानुनबमोजिम सेवाको महसुल दर निर्धारण गराउने,

झ) गुणस्तरयुक्त र प्रभावकारी सेवा प्रदान गर्न आवश्यक प्रबन्ध गर्ने,

(ञ) सेवाप्रदायकलाई सेवा प्रदान गर्न अनुमतिपत्र प्रदान गर्ने वा सेवाप्रदायकसँग सम्झौता गरी सेवा प्रदान गराउने,

(ट) उपभोक्तालाई प्रदान गर्ने सेवाबापत निर्धारित महसुल असूल गर्ने गराउने,

(ठ) सेवाप्रदायकले सेवा प्रदान गर्दा कुनै उपभोक्तालाई पीरमर्का पर्न गएमा सोउपर सुनुवाई गरी उपयुक्त उपचार दिने,

(ड) सेवा सञ्चालनका लागि आवश्यक पर्ने तोकिएबमोजिमका अन्य काम गर्ने ।

**१६. सर्वसाधारणको हित हेर्नु पर्ने :**

समितिले बोर्डको तर्फबाट काम कारबाही गर्दा सर्वसाधारणको बृहत्तर हित र व्यापक सुविधालाई ध्यानमा राखी गर्नु पर्नेछ र त्यसरी काम गर्दा लागेको लागत खर्चसमेतलाई विचार गर्नु पर्नेछ ।

## ४.५ खानेपानी महशुल निर्धारण आयोग ऐन, २०६३

यो ऐन खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गरी मनासिब मूल्यमा उपभोक्तालाई गुणस्तरीय र भरपर्दो खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराई उपभोक्ताको हित संरक्षण गर्न खानेपानी महसुल निर्धारण आयोगको स्थापना गर्नका लागि तर्जुमा गरिएको हो । खानेपानीमा सुशासनका लागि यस ऐनमा गरिएका मुख्य व्यवस्थाहरू निम्न अनुसार रहेका छन् :

**६. आयोगको काम, कर्तव्य र अधिकार :**

आयोगको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :

(क) सेवा प्रदायकले उपभोक्तासँग लिन पाउने सेवाको महसुल निर्धारण गर्ने,

(ख) सेवा प्रदायकले महसुल निर्धारणको निमित्त आयोग समक्ष निवेदन पेश गर्दा अपनाउनु पर्ने नीति तथा कार्यविधि स्वीकृत गर्ने,

(ग) सेवा प्रदायकले प्रदान गर्ने सेवाको अनुगमन गरी सेवाको गुणस्तर कायम गर्ने गराउने,

(घ) सेवा प्रदायक र उपभोक्ताबीच उत्पन्न विवाद तोकिए बमोजिम समाधान गर्ने गराउने,

(ङ) सेवा प्रदायकले प्रदान गरेको सेवासँग सम्बन्धित विवरण प्राप्त गरी प्रकाशन गर्ने गराउने,

(च) महसुल निर्धारण सम्बन्धी मापदण्ड निर्धारण गरी कार्यान्वयन गराउने,

(छ) खानेपानी वा सरसफाइ सेवा सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सल्लाह र सुझाव दिने, र

(ज) तोकिए बमोजिमका अन्य कामहरू गर्ने ।

## ४.६ नेपाल खानेपानी संस्थान ऐन २०४६

यस ऐनको प्रस्तावना अनुसार सर्वसाधारण जनताको स्वास्थ्य र सुविधा कायम राख्न नेपालका विभिन्न क्षेत्रमा नियमित रूपले स्वच्छ खानेपानी उपलब्ध गराउन र ढल निकास प्रणालीलाई समुचित व्यवस्था गर्न नेपाल खानेपानी संस्थानको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले यो ऐन बनाइएको भन्ने कुरा उल्लेख गरिएको छ ।

**५. संस्थानको काम, कर्तव्य र अधिकार :**

(१) संस्थानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) खानेपानी तथा ढल निकास सम्बन्धी योजना तर्जुमा गर्ने र योजना कार्यान्वयन गर्ने गराउने,

(ख) खानेपानीको स्रोत तथा वितरण र ढल निकास सम्वन्धी अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने,

(ग) खानेपानीको स्रोतदेखि वितरण स्थलसम्मको बाटो निर्धारण गर्ने र सोको रेखाङ्कन गर्ने,

(घ) खानेपानी तथा ढल निकास सम्बन्धी कामको लागि आवश्यक निर्माण

कार्य गर्ने गराउने,

(ङ) खानेपानी तथा ढल निकास सम्बन्धमा नेपाल सरकार र विदेशी सरकार वा अन्तराष्ट्रिय वा विदेशी संस्था बीच भएका सम्झौता बमोजिम सम्पन्न गर्नु पर्ने कार्यहरू गर्ने,

(च) नेपाल सरकारले तोकिदिएका खानेपानी तथा ढल निकास सम्बन्धी विकास परियोजना सञ्चालन गर्ने,

(छ) महसुल तथा शुल्क आदि लिई खानेपानी वा ढल निकासको सुविधा उपलव्ध गराई सेवा प्रदान गर्ने,

(ज) खानेपानीको उपयोग तथा ढल निकासको प्रयोग सम्बन्धमा आवश्यक शर्तहरू तोक्ने,

(झ) खानेपानीको दुरूपयोग हुन नदिने,

(ञ) खानेपानीको प्रदूषण नियन्त्रण गर्ने,

(ट) खानेपानी तथा ढल निकासको पाइप लाइनहरूको आवश्यक मर्मत तथा सम्भार गर्ने गराउने,

(ठ) कुनै कारणले धारामा पानी नआएको सूचना संस्थानलाई प्राप्त भएमा आवश्यक मर्मत गरी यथाशीघ्र सेवा उपलव्ध गराउने,

(ड) संस्थानले आफ्नो सञ्चालन खर्च आफैँ उठाउने,

(ढ) संस्थानको उद्देश्य पूर्तिको लागि आवश्यक अन्य कार्यहरू गर्ने, गराउने ।

## ४.७ खानेपानी सेवा सञ्चालन सम्बन्धी निर्देशिका, २०६९

यस निर्देशिकामा खानेपानी सेवा प्रदायकद्वारा सञ्चालन गरिएका खानेपानी सेवाको अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण, नियमन एवं समन्वय गर्दै त्यस्तो सेवा सञ्चालनमा गुणस्तरीयता, नियमितता, पारदर्शिता एवं जवाफदेहिता कायम गरी खानेपानी सेवा प्रवाहलाई गुणस्तरीय, भरपर्दो एवं सर्वसुलभ बनाउन आवश्यक व्यवस्थाहरू गरिएको छ ।

# ५. खानेपानी तथा सरसफाइ नीतिमा सुशासनसम्बन्धी व्यवस्था

नेपालमा खानेपानी तथा सरसफाइको क्षेत्रमा तर्जुमा गरिएका नीतिहरूमा पनि यस क्षेत्र सुशासन सुदृढिकरणका लागि विभिन्न व्यवस्थाहरू गरिएको छ, जसमध्ये केही मुख्य व्यवस्थाहरू निम्न अनुसार रहेका छन् :

## ५.१ सहरी खानेपानी तथा सरसफाइ नीति २०६६

यस नीतिमा खानेपानी तथा सरसफाइका विषयमा विभिन्न निकायहरूको अधिकार क्षेत्रकाबीच देखिएको देहोरोपना हटाउने, समग्र तहमा समन्वय गर्ने र संस्थागत जवाफदेहितामा वृद्धि गरी क्षेत्रगत प्रभाकारिता ल्याउने कुरालाई महत्व दिइएको छ। त्यस्तै यस नीतिमा सार्वजनिक-निजी सहकार्यहरूलाई प्रभावकारी बनाउने, उपभोक्ता समूहहरूको अनुगमन क्षमता बढाउने र जवाफदेहिताका माध्यमबाट खानेपानी तथा सरसफाइलाई भरपर्दो बनाउने र यस क्षेत्रमा पारदर्शिता कायम गर्ने व्यवस्था गरिएको छ।

## ५.२ ग्रामीण खानेपानी तथा सरसफाइसम्बन्धी राष्ट्रिय नीति २०६०

यस नीतिमा सुशासनका लागि संस्थागत व्यवस्था अन्तर्गत विकेन्द्रिकरणको सिद्धान्त अनुसार स्थानीय निकायलाई अधिकार निक्षेपण गरी उपभोक्ता समूह र सामुदायिक संस्थाहरूलाई खानेपानी तथा सरसफाइ सेवा प्रभावकारी रूपमा प्रदान गर्न जिम्मेवार बनाइने व्यवस्था गरिएको छ।

## ५.३ ग्रामीण खानेपानी तथा सरसफाइसम्बन्धी राष्ट्रिय रणनीति २०६०

पारदर्शिता र सहभागिता यस रणनीतिका मुख्य सिद्धान्तहरू हुन्। यस रणनीतिमा खानेपानी तथा सरसफाइको क्षेत्रमा सुशासन स्थापना र कायम गर्नका लागि निम्न रणनीतिगत व्यवस्था गरिएको छ :

**नीति तथा योजना तर्जुमा** : खानेपानी तथा सरसफाइ नीति तथा कार्यक्रम तर्जुमा गर्दा क्षेत्रगत रूपमा समन्वयकारी रूपमा गरिने र यस क्रममा समावेशीकरण र पारदर्शिता कायम गरिने ।

**कार्यक्रम कार्यान्वयन** : खानेपानी तथा सरसफाइ कार्यक्रम कार्यान्वयन गर्नका स्थानीय निकायहरूले सहयोग गर्नुपर्ने र उपभोक्ता समूह मार्फत कार्यक्रम सञ्चालन गरिने ।

**अनुगमन तथा मूल्यांकन** : खानेपानी तथा सरसफाइको क्षेत्रमा सहभागितामूलक अनुगमन र सामुदायिक स्वअनुगमन पद्धति अपनाइने ।

**खानेपानी सेवाका सूचकहरू** : खानेपानी तथा सरसफाइ सेवाका मुख्य सूचकको रूपमा पानीको उपलब्धता परिणाम, पहुँचयोग्यता, विश्वासनीयता र गुणात्मकता हुने ।

**सहभागिता** : खानेपानी तथा सरसफाइको क्षेत्रमा समवेशी सहभागिता हुने ।

**वित्तीय पक्ष** : खानेपानी तथा सरसफाइको वित्तीय पक्षलाई पारदर्शी बनाइने ।

## ५.४ सरसफाइ गुरूयोजना २०६८

यस गुरुयोजनामा सरसफाइको क्षेत्रमा सुशासन कायम गर्नका लागि निम्न उद्देश्यहरू राखिएको छ :

- संयुक्त योजना/कार्ययोजना तथा कार्यान्वयन प्रक्रियाका माध्यमबाट सरोकारवालाहरूका प्रयत्नहरूमा सामञ्जस्यता ल्याउन उपयुक्त वातावरण निर्माण गर्ने ।
- सबै तहमा विद्यमान संस्थागत संरचनालाई सशक्तिकरण गरी सुदृढ तुल्याउन संस्थागत व्यवस्था मिलाउने ।
- सहभागितामूलक योजना प्रक्रियाका माध्यमबाट समता, समावेशीकरण र दीगोपना सुनिश्चित गर्न सहयोग पुऱ्याउने ।

# ६. खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासनका लागि स्थानीय निकायको भूमिका

खानेपानी तथा सरसफाइको क्षेत्रमा सुशासन कायम गर्नको लागि जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । स्थानीय स्वायत्त शासन ऐन २०५५ र यस अन्तर्गत तर्जुमा गरिएका नियमावलीहरूमा खानेपानी तथा सरसफाइका लागि स्थानीय निकायहरूले पूरा गर्नुपर्ने दायित्व तथा जिम्मेवारीहरूको विषयमा स्पष्ट व्यवस्थाहरू गरिएको छ, जसमध्ये केही महत्वपूर्ण व्यवस्थाहरू निम्न अनुसार रहेका छन् :

## ६.१ स्थानीय स्वायत्त शासन ऐन २०५५

आफ्नो क्षेत्रको विकासको लागि साधनको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाति, आदिवासी, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समेतका समग्र जनताको सहभागितामा अभिवृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्न, योजनाहरूको तर्जुमा र सञ्चालन गर्न आवश्यक जिम्मेवारी र अधिकार स्थानीय स्तरमा नै प्रदान गरी जवाफदेही बहन गर्न सक्ने स्थानीय निकायहरूको संस्थागत विकास गर्न, र स्थानीय नेतृत्वको विकास गरी जनताको दैनिक आवश्यकता तथा जनजीवनलाई असर पार्ने विषयहरूमा निर्णय गर्न सक्ने गरी स्थानीय स्वायत्त शासन पद्धतिको विकासको लागि स्थानीय निकायहरूको गठन गर्न यो ऐनको तर्जुमा गरिएको हो ।

विकेन्द्रीकरणको अवधारणालाई स्थानीय विकास निर्माणको क्षेत्रमा कार्यान्वयन गर्न तथा प्रभावकारी जनसहभागिताको अभिबृद्धि गर्न स्थानीय स्वायत्त शासन ऐनमा विविध व्यवस्था गरिएको छ, जुन व्यवस्थाहरू खानेपानी र सरसफाइमा सुशासन कायम गर्नका लागि महत्वपूर्ण रहेका छन् । ती मध्ये केही मुख्य अंशहरू निम्नानुसार रहेका छन् :

### २५. वडा समितिको काम, कर्तव्य र अधिकार :

गाउँ विकास समिति अन्तर्गतको प्रत्येक वडा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) वडाभित्रको बाटो, सडक, पुल, ढल, पोखरी, तलाउ, इनार, कुवा, धरा आदि सफा सुग्घर राख्ने ।

(ख) वडाभित्रका फोहर, मैला र सडे गलेका वस्तुहरू फ्याँक्ने तथा सरफाइको निमित्त वडावासीहरूलाई अभिप्रेरित गर्ने प्रबन्ध गर्ने ।

**२८. गाउँ विकास समितिको काम, कर्तव्य र अधिकार :**

(१) गाउँ परिषद्को निर्णय र निर्देशनहरू कार्यान्वयन गर्नु गराउनुको अतिरिक्त गाउँ विकास समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

**(ख) ग्रामीण खानेपानी सम्बन्धीः**

(१) गाउँ विकास क्षेत्रभित्र आवश्यक पर्ने खानेपानीकोआपूर्तिको लागि खानेपानी आयोजना तयार गरी कार्यान्वयन र सञ्चालन गर्ने तथा संभारको व्यवस्था गर्ने, गराउने ।

(२) गाउँ विकास क्षेत्रभित्र इनार, कुवा, पोखरी, धारा आदिको निर्माण तथा मरमत संभार गर्ने, गराउने ।

(३) गाउँ विकास क्षेत्रभित्र पानीका मुहानहरूको संरक्षण गर्ने, गराउने ।

**(च) भौतिक विकास सम्बन्धीः**

(१) सामुदायिक भवन, विश्राम गृह तथा सार्वजनिक सौचालय बनाउने ।

**(छ) स्वास्थ्य सेवा सम्बन्धीः**

(२) गाउँ विकास क्षेत्रमा प्राथमिक स्वास्थ्य, शिक्षा, सरसफाइ तथा फोहर मैला व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू तयार गरी कार्यान्वयन गर्ने ।

**३३. न्यायिक अधिकार :**

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि गाउँ विकास क्षेत्रभित्रको देहायका मुद्दाहरूको शुरु कारबाही र किनारा गर्नेअधिकार गाउँ विकास समितिलाई हुनेछः-

(क) जग्गा तर्फ साँध सीमाना, सन्धि सर्पन, आलीधुर, बाँध पैनी, कुलो वा पानीको बाँडफाँड तथा बाटो वा निकास मिचेको मुद्दा,

**७०. दण्ड सजाय गर्न सक्ने :**

(१) गाउँ विकास क्षेत्रभित्र कसैले देहायको कुनै काम गरेमा निजलाई गाउँ विकास समितिले देहायबमोजिम सजाय गर्न सक्नेछः-

(ग) गाउँ विकास क्षेत्रभित्र निर्दिष्ट स्थानमा फोहर मैला नफाली जतातते

फालेमा त्यस्तो फोहर मैला हटाउन लाग्ने खर्च समेत सम्बन्धित व्यक्तिबाट असुल गरी एक सय रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(छ) कसैले आफ्नो छिमेकीको घर, आँगन वा चोकमा फोहर मैला फालेमा वा वातावरण दुर्गन्धित हुने कार्य गरेमा गाउँ विकास समितिले खण्ड (ग) बमोजिम जरिवाना गरी फोहर मैला हटाउन लगाउन सक्नेछ ।

यस ऐनमा यस्तै प्रकृतिका अधिकार र जिम्मेवारीहरू नगरपालिका र जिल्ला विकास समितिलाई पनि दिइएको छ, जसले खानेपानी र सरसफाइका विषयमा सबै स्थानीय निकायहरूलाई जिम्मेवार र जवाफदेही बनाएको छ ।

## ६.२ स्थानीय स्वायत्त शासन नियमावली २०५६

यस नियमावलीमा ऐनमा उल्लेखित कार्य गर्नको लागि विभिन्न प्रक्रिया तथा पद्धतिहरूको व्यस्था गरिएको छ ।

**६४. स्रोत नक्सामा खुलाउनु पर्ने कुराहरू :**

(१) ऐनको दफा ४४ बमोजिम गाउँ विकास समितिले स्रोत नक्सा तयार गर्दा त्यस्तो नक्सामा देहायको वस्तुस्थिति देखाउनुपर्नेछ :

**६७. आयोजना कार्यान्वयन प्रक्रिया :**

(१) ऐनको दफा ४८ र ४९ बमोजिम गाउँ विकास समितिको क्षेत्रभित्र संचालन हुने आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित गाउँ विकास क्षेत्रका सरकारी, गैर सरकारी तथा दातृ संस्थासँग आवश्यक समन्वय कायम गरी दोहोरो नपर्ने गरी कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

(२) गाउँ विकास समितिले उपभोक्ता समिति, समुदायमा आधारित संस्था, गैर सरकारी संस्थासँगको लागत सहभागितामा संचालन गर्ने कार्यक्रम वा आयोजनाको कार्यान्वयन गर्दा सम्बन्धित उपभोक्ता समिति, समुदायमा आधारित संस्था, गैर सरकारी संस्थासँग अनुसूची-३ बमोजिमको ढाँचामा सम्झौता गरी गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम उपभोक्ता समिति, समुदायमा आधारित संस्था वा गैर सरकारी संस्थाले लागत सहभागितामा आयोजना कार्यान्वयन गर्दा सो बापत प्राप्त रकमको छुट्टै अभिलेख राखी सम्झौता बमोजिमका कागजात, बिल भरपाई तथा प्रतिवेदन गाउँ विकास समितिमा प्रस्तुत गर्नु पर्नेछ ।

(४) गाउँ विकास समितिले अन्य कुनै निकायसँगको लागत सहभागितामा आयोजना कार्यान्वयन गर्दा त्यस्तो निकायसँग भएको सम्झौताका

शर्तबमोजिम संचालन गर्नु पर्नेछ । त्यसरी लागत सहभागितामा प्राप्त सहयोगको छुट्टै अभिलेख राखी सम्बन्धित संस्थामा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## ६.३ स्थानीय निकाय आर्थिक व्यवस्थापन नियमावली २०६४

स्थानीय निकायमा आर्थिक प्रशासनको कार्यप्रणालीलाई व्यवस्थित गर्नका लागि यस नियमावलीमा विभिन्न व्यवस्थाहरू गरिएको छ, जसले सुशासनलाई टेवा पुऱ्याउँदछ ।

२. परिभाषा : (ट) "उपभोक्ता समिति" भन्नाले स्थानीय स्तरमा संचालन हुने भनी निर्धारण भएको कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूले त्यस्तो कार्यक्रमको तर्जुमा, संचालन, मर्मत संभार र सेवा सञ्चालन गर्न आफूहरूमध्येबाट छानिएका व्यक्तिहरू रहने गरी गठन गरेको समिति सम्झनु पर्छ ।

**७१. उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार :**

नियम ७० बमोजिम उपभोक्ता समिति मार्फत आयोजना कार्यान्वयन वा सञ्चालन गराउँदा त्यस्ता उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोजनाको निर्माण कार्य सञ्चालन गर्ने कामको सम्बन्धमा सम्बन्धित स्थानीय निकायसँग सम्झौता गर्ने,

(ख) आयोजनाको निर्माण कार्य सम्बन्धित स्थानीय निकायको तर्फबाट तोकिएका प्राविधिकले तयार गरेको लागत अनुमान तथा प्राविधिक सल्लाहको अधीनमा रही गर्ने,

(ग) आयोजना कार्यान्वयन गर्दा स्थानीय स्रोत, साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने,

(घ) आयोजना निर्माण सम्बन्धमा भएको प्रगति विवरण सम्बन्धित स्थानीय निकायलाई द्वैमासिक रूपमा उपलब्ध गराउने,

(ङ) आयोजनाको निर्माण कार्य समाप्त भएपछि सम्बन्धित स्थानीय निकायबाट खटाएको प्राविधिकबाट निर्धारित नक्सा, डिजाइन तथा स्पेशिफिकेशनबमोजिम गुणस्तरयुक्त भए वा नभएको सम्बन्धमा जाँच गराउने,

(च) आयोजनाको जाँचपास भएपछि सम्बन्धित स्थानीय निकायबाट हस्तान्तरण भएको आयोजना जिम्मामा लिई सञ्चालन गर्ने,

(छ) आयोजनाको सञ्चालन, संरक्षण, मर्मत र सम्भार गर्ने,

(ज) आयोजनाबाट सेवा उपभोग गर्ने व्यक्ति वा परिवारसँग आयोजनाको मर्मतसम्भारको प्रयोजनको लागि सेवा शुल्क असूल गर्ने,

(झ) नियम ७० को खण्ड (क) बमोजिम सम्बन्धित स्थानीय निकायबाट प्राप्त रकम र नियम ७१ को खण्ड (ज) बमोजिम उठाइएको सेवा शुल्कबाट आयोजनाको मर्मत, सम्भार र सञ्चालन गर्ने ।

(ञ) सम्बन्धित स्थानीय निकायले दिएको नीति निर्देशनको अधीनमा रही आयोजनाको सञ्चालन गर्ने,

(ट) उपभोक्ता समितिको मासिक रूपमा बैठक बस्ने र बैठकबाट भएको निर्णय सम्बन्धित स्थानीय निकायलाई जानकारी गराउने,

(ठ) आयोजना सञ्चालनबाट स्थानीय जनतालाई पुगेको सुविधा, सेवाको गुणस्तर, सेवामा वृद्धि गराउनु पर्ने अवस्था आदिको समीक्षा एवम् मूल्याङ्कन गरी समय समयमा सम्बन्धित स्थानीय निकायलाई विवरण उपलब्ध गराउने,

(ड) आयोजना सञ्चालनको क्रममा देखा परेका बाधा ब्यवधान हटाउनको लागि उपयुक्त सुझाव सहितको सिफारिश सम्बन्धित स्थानीय निकायमा पेश गर्ने,

(ढ) जिम्मा लिएको कामको निर्धारित समयमा कार्य समाप्त नभएमा थप म्याद माग गर्ने,

(ण) कार्य सम्पन्न भएपछि किस्ता वा रकम माग गर्ने ।

## ६.५ स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९

स्थानीय निकायको कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत तथा स्थानीय स्रोत साधनलाई एकीकृत र समन्वित गरी गरिब, महिला, बालबालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवम् क्षेत्रको समेत पहुँच र स्वामित्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह एवम् विकास निर्माण कार्य र शासन प्रक्रिया जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी, समतामूलक, सहभागितामूलक, दीगो र गुणस्तरयुक्त गराउँदै स्थानीय स्तरबाट नै गरिबी न्यूनीकरण र दीगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुऱ्याउन यो कार्यविधि बनाइएको हो । यस कार्यविधि अनुसार खानेपानी तथा सरसफाइ सम्बन्धी कार्यक्रम स्थानीय निकायको पूँजीगत विनियोजनबाट लगानी हुने क्षेत्र हो । त्यसैले जिल्ला विकास समिति/गाउँ विकास समितिले आफ्नो

पूँजीगत विनियोजनबाट लगानी हुने क्षेत्रमा निम्न अनुसार हुने गरी सुशासन कायम गर्नु पर्दछ :

**४९. उत्तरदायित्व सम्बन्धी व्यवस्था :**

स्थानीय निकायको सम्पूर्ण काम कार्यवाहीलाई सरल, सुव्यवस्थित, सेवाग्राहीमैत्री र जिम्मेवारयुक्त बनाई स्थानीय निकायलाई सेवाग्राहीप्रति उत्तरदायी गराउन देहाय बमोजिमको व्यवस्था गर्नुपर्नेछ :

(१) "सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४" र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम राजनैतिक नेतृत्व र कर्मचारीबीच कार्य जिम्मेवारी स्पष्ट किटान गरी परिषद्बाट स्वीकृत गराउनु पर्नेछ ।

(२) कार्यालयको कार्यमा विभिन्न विभाग, शाखा, कार्यालय, इकाइको कार्य जिम्मेवारी र उक्त शाखा इकाइ कार्यालयमा काम गर्ने प्रत्येक कर्मचारीको काम, कर्तव्य र अधिकार एवम् जिम्मेवारी तोकी काम गराउने व्यवस्था मिलाउनु पर्नेछ । यसरी जिम्मेवारी तोकेपछि सम्बन्धित शाखालाई कार्यसम्पादन मापन सूचकसँग समेत अन्तरसम्वन्ध स्थापित गर्नु पर्नेछ ।

(३) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा उक्त सूचकहरू अनुसार कार्य गरे नगरेको वस्तुगत मूल्याङ्कन गरी पुरस्कार र दण्ड दिने परिपाटी अवलम्वन गर्नुपर्नेछ ।

(४) नागरिकप्रति उत्तरदायी भई व्यवहार गर्न, नागरिकका आधारभूत आवश्यकता र अधिकारहरूप्रति संवेदनशील भई प्रभावकारी सेवा प्रवाह गर्न, आफ्ना कर्मचारी एवम् पदाधिकारीहरूलाई अभिमुखीकरण गर्नुको साथै कार्यालयको कार्य वातावरणमा आवश्यक सुधार ल्याउनु पर्नेछ ।

(५) नागरिकका लिखित वा मौखिक गुनासाहरूलाई प्राथमिकता दिई सम्वोधन गर्न कर्मचारी तोक्नु पर्नेछ । जिम्मेवार कर्मचारीले प्राप्त गुनासा र सुनुवाइ गरेको विवरण चौमासिक रूपमा समीक्षा बैठकमा पेश गर्नु पर्नेछ ।

(६) सूचनाको हकसम्बन्धी अधिकारलाई कार्यान्वयन गराउन प्रतिवद्ध रहनु पर्नेछ ।

(७) स्थानीय निकायले आफूले संचालन गरेको कार्यक्रम वा आयोजना, सेवा प्रवाहको अवस्था आदिका बारेमा वर्षमा कम्तीमा दुई पटक सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।

(८) स्थानीय निकाय तथा स्थानीय सेवा प्रदायकको काम कारवाहीमा पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्ने उद्देश्यले स्थापना भएको अर्ध-

स्वायत्त प्रकृतिको स्थानीय शासन तथा उत्तरदायित्व सहजीकरण संयन्त्र (एल.जि.ए.एफ) मार्फत् स्थानीय निकायको काम कार्यवाहीको सन्दर्भमा नागरिक अनुगमन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, जनसर्भेक्षण र नागरिक बडापत्रको व्यवस्थित गर्नेजस्ता कार्य गरी स्थानीय निकायलाई सेवाग्राहीप्रति उत्तरदायी गराउनुका साथै वित्तीय अनुशासन कायम गरिनेछ ।

(९) व्यक्तिगत घटना दर्ता, समाजिक सुरक्षा कार्यक्रमको भत्ता, नागरिक सरोकारका दैनिक सिफारिशजस्ता विषयहरूलाई प्राथमिकता दिई नागरिकलाई प्रवाह हुने सेवा सुनिश्चित हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(१०) स्थानीय निकायको समग्र सेवा प्रवाह र आयोजनाको कार्यान्वयन सम्वन्धमा सम्बन्धित पक्षको चित्त नबुझेमा सम्बन्धित स्थानीय निकाय समक्ष उजुरी दिन सकिनेछ । त्यस्तो उजुरीको सुनुवाई गर्नु सम्बन्धित स्थानीय निकायका प्रमुखको कर्तव्य हुनेछ ।

(११) स्थानीय निकायका कर्मचारीहरूको सम्पत्ति विवरण स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६४ को खण्ड (घ) बमोजिम प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र राष्ट्रिय सतर्कता केन्द्रले तोके बमोजिमको ढाँचामा व्यवस्थित गरी राख्नुपर्नेछ ।

(१२) स्थानीय निकायका पदाधिकारी एवम् कर्मचारीहरूको आचार संहिता पारित गराई लागू गर्नु गराउनु पर्नेछ ।

**५०. पारदर्शिता सम्बन्धी व्यवस्था :**

स्थानीय निकायले आफूले गरेका काम कारवाहीलाई पारदर्शी ढंगले सञ्चालन गर्न देहाय बमोजिम व्यवस्था गर्नु पर्नेछ :

(१) गाउँ विकास समितिले दुई लाख र नगरपालिका एवम् जिल्ला विकास समितिले पाँच लाख वा सोभन्दा बढी लागत अनुमान भएका कार्यक्रम वा आयोजनाहरूको आयोजनाको नाम, लागत अनुमान, सम्झौता मिति, सम्पन्न हुने मिति, लाभान्वित जनसंख्या, लागत सहभागिताजस्ता विवरण सहितको सूचना पाटी सर्वसाधारणले देख्न सक्ने गरी योजनास्थलमा राख्नुपर्नेछ ।

(२) स्थानीय निकायबाट सञ्चालित कार्यक्रम, आयोजना तथा बजेट सबैले देख्ने गरी सूचना पाटीमा टाँस्ने, सार्वजनिक गर्ने, स्थानीय सञ्चारका माध्यम एफ. एम. रेडियो मार्फत् प्रचार प्रसार गर्ने कार्य गर्नुपर्नेछ ।

(३) स्थानीय निकायले आफ्नो आम्दानी तथा खर्च प्रत्येक चौमासिक र वार्षिक

रूपमा विभिन्न माध्यमबाट सार्वजनिक गर्नुपर्नेछ ।

(४) स्थानीय निकायको वित्तीय एवम् भौतिक प्रगतिबारे सर्वसाधारण एवम् सरोकारवालालाई सुसूचित गराउनका लागि एकीकृत योजना तर्जुमा समिति, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र मार्फत् आवश्यक सूचना प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) आयोजना सम्पन्न भैसकेपछि त्यस्ता आयोजनाको अनुसूची-२८ बमोजिम सार्वजनिक परीक्षण गराउनु पर्नेछ । सार्वजनिक परीक्षण नभएसम्म अन्तिम किस्ता भुक्तानी दिईने छैन ।

(६) स्थानीय निकायले वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्र समेतको सहभागितामा सरोकारवाला सबै पक्षको प्रतिनिधित्व रहेको भेला मार्फत् कम्तिमा वर्षको एक पटक सामाजिक परीक्षण गर्नुपर्नेछ । सामाजिक परीक्षण हुने स्थान र उपस्थितिसम्बन्धी सूचना व्यापकरूपमा प्रचार-प्रसार गर्नुपर्नेछ ।

(७) नगरपालिका तथा जिल्ला विकास समितिले देहायका विषयहरू आफ्नो वेभसाइटमा राख्नुका अतिरिक्त स्थानीय वा राष्ट्रिय पत्रपत्रिका, एफ.एम. रेडियो लगायतका सञ्चार माध्यमहरूवाट सार्वजनिक गर्नुपर्नेछ :

(क) आवधिक तथा वार्षिक योजनाहरू,

(ख) वार्षिक कार्यक्रम तथा बजेट,

(ग) सबै प्रकारका आम्दानी, खर्च र चौमासिक र वार्षिक प्रगति विवरणहरू,

(घ) नगर र जिल्लाको वस्तुस्थिति झल्कने विभिन्न वस्तुगत सूचनाहरू,

(ङ) नगरपालिका बोर्ड, जिल्ला विकास समिति बोर्ड, नगरपरिषद् र जिल्ला परिषद्का सम्पूर्ण निर्णयहरू,

(च) कार्यालयको संगठन संरचना, शाखागत जिम्मेवारी र सबै कर्मचारीको नाम नामेसी र कार्य विवरण,

(छ) नगरपालिका, जिल्ला विकास समिति, नगर परिषद वा जिल्ला परिषद् बाट पारित विनियम, कार्यविधि र निर्देशिका आदि,

(ज) आफ्नो क्षेत्रमा कार्यरत विकास साझेदार संस्थाहरूको विवरण,

(झ) अनुगमन तथा मूल्याङ्कनका प्रतिवेदनहरू,

(ञ) सेवा प्रवाहसँग सम्बन्धित निवेदनको ढाँचा तथा फारामहरू,

(ट) सामाजिक सुरक्षा भत्ता तथा बाल संरक्षण अनुदान प्राप्त गरेका व्यक्तिहरूको नाम नामेसी सहितको विवरण,

(ठ) नागरिक बडापत्र, र

(ङ) नगरपालिका तथा जिल्ला विकास समितिले आवश्यक ठानेका अन्य विवरणहरू ।

**५१. वित्तीय सुशासन जोखिम (फिड्युसियरी रिस्क) न्यूनीकरणसम्बन्धी व्यवस्थाः**

स्थानीय निकायको संस्थागत, आर्थिक, वित्तीय सुशासन एवम् विश्वसनीयता कायम गर्दै यस सम्बन्धी जोखिमहरू न्यूनीकरण गर्नका लागि देहाय बमोजिमको व्यवस्था गर्नु पर्नेछ :

(क) पूँजीगत रकमबाट लगानी निषेध गरिएका क्षेत्रमा गरिएको खर्च र तोकिएको सीमा बाहिर गरेको कन्टिन्जेन्सी खर्चको निर्णय गर्ने पदाधिकारीबाट कानुन बमोजिम सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

(ख) उपभोक्ता समितिबाट संचालित कार्यक्रमको लेखा दुरूस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुनेछ । लेखा दुरूस्त नराखेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

(ग) भए गरेको कामलाई नगरेको भनी तथा नगरेको कामलाई गरेको भनी सिफारिश गर्ने, नाप जाँच प्राविधिक सुपरिवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

(घ) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको रकम दुरूपयोग भएको प्रमाणित भएमा सम्बन्धित पदाधिकारीबाट असुल उपर गरिनुको साथै त्यस्तो निर्णय गर्ने अधिकारीलाई प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

(ङ) स्थानीय निकायको सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र नियमित गराउन सार्वजनिक खरिद ऐन र नियमावलीको पूर्ण पालना गर्दै विद्युतीय माध्यमबाट सञ्चालन गर्न प्रोत्साहन गर्नु पर्नेछ । ठेक्कापट्टा प्रक्रियामा हुनसक्ने अनियमितता, मिलोमतो र जवरजस्ती गर्नेजस्ता कानुन विपरितका कार्यहरू निरूत्साहित गर्न स्थानीय प्रशासनले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(च) भौतिक एवम् वित्तीय प्रतिवेदन नियमित रूपमा उपलब्ध गराउने, सार्वजनिक परीक्षण, लैंगिक परीक्षण, सामाजिक परीक्षण, आन्तरिक लेखापरीक्षण, अन्तिम लेखापरीक्षण तोकिए बमोजिम सम्पन्न गराउने र तदनुरूप प्राप्त सुझावको कार्यान्वयन गराउने जिम्मेवारी स्थानीय निकायका सचिवको हुनेछ ।

(छ) स्थानीय स्वायत्त शासन ऐन, नियम, प्रचलित कानुन र यस कार्यविधि विपरित कुनै पनि कार्यक्रम वा क्रियाकलाप र सेवा प्रवाहसम्बन्धी कार्य सञ्चालन गर्न पाईने छैन ।

(ज) कार्यक्रम वा आयोजनाहरूको यस कार्यविधिमा उल्लेख भए बमोजिम नियमित रूपमा अनुगमन, प्रतिवेदन तथा समीक्षा गर्नुपर्नेछ ।

(झ) नीतिगत एवम् कार्यक्रम वा आयोजना कार्यान्वयनमा हुनसक्ने अनियमितता, भ्रष्टाचार र अख्तियारको दुरूपयोग लगायत निहित स्वार्थका लागि कार्य गर्ने उपर प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ ।

(ञ) स्थानीय निकायको हित विपरित ठेक्का भेरिएसन गर्न वा मूल्य समायोजन गर्न वा स्वार्थ बाझिने काम गर्न पाइनेछैन ।

(ट) प्रत्येक आर्थिक वर्षको वैशाख मसान्तपछि नयाँ आयोजना सम्झौता गर्न वा पेश्की उपलब्ध गराउन पाइने छैन । साथै रकम फ्रिज नगर्ने गलत मनसायले नियमभन्दा बढी पेश्की दिन वा अन्य खातामा रकमान्तर वा स्थानान्तरण गरेको पाइएमा त्यस्तो गर्ने कर्मचारीलाई कानुन बमोजिम कारबाही हुनेछ ।

(ठ) आर्थिक वर्षको अन्तिम महिनामा पेश्की लिने वा दिने, रकमान्तर गर्ने, कार्यक्रम संशोधन गर्ने-जस्ता कार्यहरू गरेको पाइएमा त्यस्तो गर्ने कर्मचारीलाई प्रचलित कानुन बमोजिम विभागीय सजाय हुनेछ ।

(ड) स्थानीय निकायको परिषद्बाट बार्षिक कार्यक्रम वा आयोजना स्वीकृत गर्दा विषय क्षेत्रगत रूपमा एकमुष्ट छुट्याउने वा वण्डामा नराखी आयोजनागत रूपमा वजेट बाँडफाड गर्नु पर्नेछ ।

(ढ) स्थानीय निकायबाट सञ्चालित कार्यक्रम वा आयोजनाको रकम उपभोक्ता समिति, ठेकेदार वा अन्य कार्यान्वयन गर्ने निकायबाट दुरूपयोग भएको पाइएमा वा अनुमानित लागतको तुलनामा गुणस्तरीय तवरबाट काम नभएको वा कम परिमाणमा काम भएको पाइएमा त्यस्तो कार्यमा संलग्न प्राविधिक कर्मचारी, व्यक्ति, पदाधिकारी वा निकायलाई भ्रष्टाचार निवारण ऐन, २०५९ एवम् प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

## ६.६ बजेट तथा कार्यक्रम तयारी मार्गदर्शन २०७०

स्थानीय निकायहरूले खानेपानी तथा सरसफाइको लागि बजेट तथा कार्यक्रम तयारी गर्ने क्रममा निम्न अनुसारको मार्गदर्शन पालना गर्नुपर्ने व्यवस्था गरिएको छ :

- सन् २०१७ सम्म सवैको लागि सरसफाइ र स्वच्छ खानेपानी उपलब्ध गराउने गरी कार्यक्रम तर्जुमा गर्ने ।
- सहश्राब्दी विकास लक्ष्यको संरचना भित्र रहेर सवै सामुदायिक विद्यालयहरूमा छात्रालाई छुट्टै शौचालय निर्माण गर्ने र हालसम्म पनि छात्रा शौचालय नभएका विद्यालयहरूमा अनिवार्य रूपमा त्यस्ता शौचालय निर्माण गर्ने गरी कार्यक्रम प्रस्ताव गर्ने ।

## ६.७ स्थानीय निकाय सार्वजनिक परीक्षण कार्यविधि २०६७

यस कार्यविधिमा स्थानीय निकायहरूले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सहभागितामूलक किसिमले लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न निम्न व्यवस्था गरिएको छ :

- स्थानीय निकायमा वाह्य तथा आन्तरिक श्रोतबाट संचालन हुने सबै किसिमका कार्यक्रम तथा आयोजनाहरू सम्पन्न भएपछि अन्तिम किस्ता भुक्तानी पूर्व अनिवार्य रूपमा सार्वजनिक परीक्षण गराउनु पर्ने ।
- आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निकाय (उपभोक्ता समिति, गैसस, सामुदायिक संस्था) ले कम्तीमा सात दिन अगावै सार्वजनिक परीक्षण हुने मिति, समय र स्थान खोली सम्वन्धित उपभोक्ता, समुदायका सदस्यहरूलाई सूचना दिनुपर्ने ।
- पूर्वाधार कार्यक्रम वा आयोजनाको विवरण सहितको सूचना पाटी तयार गरी योजना स्थलमा राख्नुपर्ने ।

## ६.८ स्थानीय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि, २०६७

स्थानीय निकाय र नागरिकहरूका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन सार्वजनिक सुनुवाइ गनुपर्ने हुन्छ ।

सार्वजनिक सुनुवाइ भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा वसेका स्थानीय निकायका पदाधिकारीहरूवीच सार्वजनिक चासोको विषयमा सार्वजनिक थलोमा खुला छलफल गर्ने प्रक्रियालाई जनाउँछ ।

नागरिक वडापत्र भन्नाले स्थानीय निकायले उपलब्ध गराउने विभिन्न सेवा तथा सुविधाको नाम, विवरण, समयावधि, जिम्मेवार कर्मचारी कार्यकक्षको

विवरण सेवा प्राप्त गर्न पुऱ्याउनु पर्ने प्रक्रिया, लाग्ने शुल्क दस्तुरका साथै सेवा अवरुद्ध भएमा उजुरी सुन्ने अधिकारी उल्लेख गरी सर्वसाधारणलाई सुसूचित गर्न सार्वजनिक स्थल वा कार्यालयमा टाँगिएको वा टाँसेर राखिएको वाचापत्रलाई जनाउँछ ।

स्थानीय निकायहरूले सार्वजनिक सुनुवाइलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि निम्न कार्यहरू गर्नुपर्ने व्यवस्था गरिएको छ :

- नागरिक बडापत्र राख्नु पर्ने, सेवाग्राहीको गुनासो अभिलेखन र व्यबस्थापन गर्नुपर्ने ।
- सार्वजनिक सुनुवाइको तयारी गर्नुपर्ने ।
- अधिकारीहरूसँग सम्पर्क र सहभागीहरूको चयन गर्ने ।
- सार्वजनिक सुनुवाइका लागि सहजकर्ताको प्रबन्ध र वजेट व्यवस्था गर्ने ।
- सार्वजनिक सुनुवाइका लागि अन्तिम तयारी तथा कार्य विभाजन गर्ने ।
- सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गर्ने ।

## ६.९ स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७

सामाजिक परीक्षण भन्नाले स्थानीय निकायको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन गर्ने कार्यलाई जनाउँछ । यसका लागि स्थानीय निकायले निम्न लिखित कार्यहरू गर्नुपर्दछ :

- एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि वर्षमा एक पटक सामाजिक परीक्षण गर्नु पर्ने ।
- स्थानीय निकायसँग प्रत्यक्ष सम्वन्ध नभएका दुई विज्ञको समूहलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा नियुक्त गरी परिचालन गर्नु पर्ने ।
- सामाजिक परीक्षण सार्वजनिक गरी सो प्रतिवेदनले औल्याए बमोजिमका कार्यहरू गर्नुपर्ने ।

# ७. आर्थिक कानुनमा सुशासनसम्बन्धी व्यवस्था

आर्थिक विषयमा तर्जुमा गरिएका विभिन्न कानुनहरूमा पनि सुशासनका लागि विभिन्न व्यवस्थाहरू गरिएको हुन्छ। यस्ता कानुनहरूमा गरिएका व्यवस्थाले आर्थिक स्रोत जस्तै : कर तथा शुल्क संकलन गर्ने कुराका साथसाथै सरकारी आर्थिक स्रोत उपयोग गरी स्थानीय उपभोक्ता समूह मार्फत सञ्चालन गरिने कार्यक्रममा सुशासन कायम गर्नका लागि मद्दत गर्दछ। नेपालका खासगरी निम्न लिखित कानुनमा गरिएका व्यवस्थाहरूले पनि खानेपानी तथा सरसफाइको क्षेत्रमा सुशासन कायम गर्न मद्दत गर्दछ :

## ७.१ आर्थिक ऐन २०७१

आर्थिक ऐनले मूल्य अभिवृद्धि कर छुट हुने बस्तु तथा सेवाहरूको सूची निर्धारण गर्ने गर्दछ। नेपालको आर्थिक कानुनमा मूल्य अभिवृद्धि कर छूट हुने वस्तु तथा सेवाहरू अन्तर्गत धारा तथा ट्याङ्करबाट खुला रूपमा आपूर्ति हुने पिउने पानीलाई आधारभूत आवश्यकताको वस्तुको रूपमा बर्गीकरण गरी उक्त कर छुटको व्यवस्था गरेको छ।

समूह २ : आधारभूत आवश्यकताका वस्तुहरू
(क) धारा तथा ट्याङ्करबाट खुला रूपमा आपूर्ति हुने पिउने पानी।

## ७.२ सार्वजनिक खरिद ऐन, २०६३

सार्वजनिक खरिद सम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन, सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारिता, जवाफदेहिता र विश्वशनियता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढङ्गबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्न र सार्वजनिक निकायले निर्माण

कार्य गर्दा गराउँदा, मालसामान, परामर्श वा तथा अन्य सेवा खरिद गर्दा त्यस्तो खरिदको व्यवस्थापन क्षमता अभिवृद्धि गरी उत्पादक, बिक्रेता, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकलाई विना भेदभाव सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्न यो ऐनको तर्जुमा गरिएको हो । यस ऐनमा गरिएको निम्न व्यवस्थाहरू खानेपानी तथा सरसफाइमा सुशासन कार्यम गर्नका लागि उपयोगी रहेका छन् :

**४४. उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने :**

उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिनेछ ।

**४५. अमानतबाट काम गर्न वा गराउन सकिने :**

(१) सामान्य प्रकृतिको मरमत सम्भार, सानातिना नियमित कार्य वा सरसफाइ जस्ता कार्य अमानतबाट काम गर्न वा उपभोक्ता समितिबाट काम गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम काम गर्दा वा गराउँदा पूरा गर्नु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**४६. गैर सरकारी संस्थाबाट काम गराउन सकिने :**

जन चेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सवलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्नेछ ।

# ८. वातावरण संरक्षणसम्बन्धी कानुनमा खानेपानी तथा सरसफाइ सुशासन

वातावरण संरक्षणसम्बन्धी कानुनहरूमा गरिएका विभिन्न व्यवस्थाहरूले खानेपानी र सरसफाइको क्षेत्रमा सुशासन कायम गर्नका लागि टेवा पुऱ्याउँदै आएका छन् । यसका लागि वातावरण संरक्षण ऐन २०५३, वातावरण संरक्षण नियमावली २०५४ र फोहरमैला व्यवस्थापन ऐन, २०६८ मा गरिएका निम्न व्यवस्थाहरू विशेष महत्वका छन् :

## ८.१ वातावरण संरक्षण ऐन २०५३

आर्थिक विकास र वातावरण संरक्षणबीचको अन्योन्याश्रित सम्बन्धबाटै दिगो विकास हुने कुरालाई ध्यानमा राख्दै वातावरणीय ह्रासबाट मानव जाति, जीवजन्तु, वनस्पति, प्रकृति तथा भौतिक वस्तुमाथि हुन सक्ने प्रतिकूल प्रभावलाई यथाशक्य कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न र प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण गर्न वातावरण संरक्षण ऐन २०५३ को तर्जुमा गरिएको हो । यस ऐनमा निम्न शब्दहरूको कानुनी परिभाषा गरिएको छ :

"प्रदूषण" भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ ।

"फोहर मैला" भन्नाले वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको तरल, ठोस ग्यांस, लेदो, धूवाँ, धूलो, विकिरणयुक्त तत्व वा पदार्थ वा त्यस्तै प्रकारका वस्तुहरू सम्झनु पर्छ ।

वातावरण संरक्षणका लागि यस ऐनमा गरिएका अन्य केही मुख्य व्यवस्थाहरू निम्न अनुसार रहेका छन्, जद्रन व्यवस्थाहरू खानेपानी तथा सरसफाइको सन्दर्भमा पनि उपयोगी रहेका छन् :

**८. वातावरण निरीक्षक :**

(१) प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन अनुसार गर्नु पर्ने कामहरू प्रभावकारी रूपले गर्न गराउन मन्त्रालयले लोक सेवा आयोगबाट निर्धारित प्रकृया पूरा गरी वातावरण निरीक्षकहरू नियुक्त गर्न वा त्यस्तो निरीक्षकको काम गर्ने गरी कुनै कर्मचारीलाई तोक्न सक्नेछ ।

**११. प्रयोगशालाको स्थापना :**

(१) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी कार्यमा सहयोग पुऱ्याउन नेपाल सरकारले आवश्यकता अनुसार विभिन्न प्रयोगशालाहरू स्थापना गर्न वा भैरहेका कुनै प्रयोगशालालाई सो कामको लागि तोक्न सक्नेछ ।

**१७. क्षतिपूर्ति दिन सक्ने :**

(१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका विपरीत प्रदूषण, ध्वनि, ताप वा फोहर मैलाको सृजना वा निष्काशन गरेको कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानी नोक्सानी हुन गएमा त्यस्तो कामबाट प्रभावित व्यक्ति वा संस्थाले सो काम गर्ने व्यक्ति, संस्था वा प्रस्तावकसंग कुनै क्षतिपूर्ति भराउन चाहेमा सोही व्यहोरा खुलाई तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन र सो ठाउँको वस्तुस्थिति समेतलाई जाँचबुझ गर्दा कुनै व्यक्ति, संस्था वा प्रस्तावकले सृजना वा निष्काशन गरेको प्रदूषण, ध्वनी, ताप वा फोहर मैलाबाट कुनै व्यक्ति वा संस्थालाई प्रतिकूल प्रभाव परी कुनै हानी नोक्सानी पर्न गएको प्रमाणित भएमा तोकिएको अधिकारीले त्यस्तो काम गर्नेबाट सम्बन्धित व्यक्ति वा संस्थालाई मनासिव माफिकको क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

## ८.२ वातावरण संरक्षण नियमावली, २०५४

यस नियमावलीमा फोहरमैला गर्ने विरुद्ध उजुरी गर्नसक्ने, आयोजनाको वातारणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षण गराउनु

पर्ने लगायतका विषयमा विभिन्न व्यवस्था गरिएको छ, जसले खानेपानी र सरसफाइको क्षेत्रमा सुशासन कायम गर्न सघाउँदछ ।

**१७. प्रदूषण गरेमा वा फोहेरमैला निष्काशन गरेमा उजूरी गर्न सक्ने :**

कुनै व्यक्ति, संस्था वा उद्योगले ऐन वा यस नियमावली बमोजिम तोकिएको शर्त वा मापदण्ड अनुरूप प्रदूषण नियन्त्रण नगरेमा वा फोहर मैला निष्काशन गरेमा सो कार्यबाट प्रभावित व्यक्ति, संस्था, गाउँ विकास समिति वा नगरपालिकाले सम्बन्धित निकायमा उजुर गर्न सक्नेछ ।

**१८. प्रदूषण निष्काशन गर्न वा फोहोर मैला निष्काशन नगर्न सूचना गर्ने :**

(१) सम्बन्धित निकायले जाँचबुझको सिलसिलामा वा नियम १७ बमोजिम उजुरी परी जाँचबुझ गर्दा कुनै व्यक्ति, संस्था वा उद्योगले ऐन र यस नियमावली बमोजिम तोकिएको शर्त वा मापदण्ड अनुरूप प्रदूषण नियन्त्रण नगरेको वा फोहरमैला निष्काशन गरेको देखिएमा त्यस्तो व्यक्ति, संस्था वा उद्योगलाई सम्बन्धित निकायले त्यस्तो शर्त वा मापदण्ड अनुरूप प्रदूषण नियन्त्रण गर्न वा फोहरमैला निष्काशन नगर्नको लागि तुरुन्त सूचना गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्बन्धित व्यक्ति, संस्था वा उद्योगलाई सूचना दिंदा देहायका कुनै वा सबै काम तुरुन्त गर्नु भनी समयावधि तोकी सम्बन्धित निकायले आदेश दिन सक्नेछ :-

(क) प्रदूषण नियन्त्रण गर्ने वा फोहरमैला निष्काशन नगर्ने सम्बन्धमा तुरुन्त अवलम्बन गर्नु पर्ने कुराहरू,

(ख) कुनै उपकरण वा साधन प्रयोग गर्न, सञ्चालन गर्न वा त्यस्तो उपकरणमा सुधार गर्न,

(ग) प्रयोग वा सञ्चालन गरिएका कुनै वा सबै उपकरण प्रयोग वा संचालन नगर्न,

(घ) निश्चित अनुगमन कार्यक्रम अवलम्बन गरी आफू समक्ष प्रतिवेदन पेश गर्न लगाउन,

(ङ) प्रदूषण नियन्त्रण गर्न तथा फोहरमैला निष्काशन नगर्न विभिन्न किसिमका वैकल्पिक उपायहरू अवलम्बन गर्न,

(च) वातावरण व्यवस्थापन प्रणाली विकसित गरी सो को जानकारी दिन लगाउन,

(छ) प्रदूषणको नियन्त्रण तथा फोहरमैला निष्काशन सम्बन्धी कार्यमा रोक लगाउने विषयमा उपयुक्त सम्झेको अन्य कार्य गर्न लगाउन ।

**१९. शर्तहरू परिवर्तन गर्न सक्ने :**

(१) प्रदूषण कम गर्ने वा नियन्त्रण गर्ने सम्बन्धमा नियम १६ को उपनियम (५) बमोजिम तोकिएका शर्तहरूमा केही परिवर्तन गरी अन्य उपायहरू अवलम्बन गर्न उपयुक्त भएमा उद्योगले सोही व्यहोरा खुलाई सम्बन्धित निकाय समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा निवेदनमा उल्लेख भए बमोजिम प्रदूषण कम वा नियन्त्रण गर्न अन्य उपायहरू अवलम्बन गर्न सकिने देखिएमा सम्बन्धित निकायले निवेदकको माग बमोजिम केही शर्तहरू परिवर्तन गरी अन्य उपायहरू अवलम्बन गर्न स्वीकृति दिन सक्नेछ ।

**२०. सम्बन्धित निकाय आफैँले सरसफाइ सम्बन्धी काम गर्न सक्ने :**

(१) कुनै व्यक्ति, संस्था वा उद्योगले ऐन वा यस नियमावलीमा तोकिएको शर्त वा मापदण्ड विपरित फोहरमैला निष्काशन नगर्ने सूचना गर्दा पनि फोहरमैला निष्काशन गरेको कारणले सर्वधारणमा प्रतिकूल असर पर्न गएमा सम्बन्धित निकायले आफ्नै खर्चमा त्यस्तो फोहरमैला हटाउन सक्नेछ ।

**वातावरणीय प्रभाव मूल्याङ्कन**

(देहायका प्रस्तावहरू कार्यान्वयन गर्दा वातावरणीय प्रभाव मूल्यांकन गर्नुपर्ने हुन्छ ।)

**(ऐ) खानेपानी क्षेत्र**

१. २०० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको वर्षादको पानी संकलन गर्ने तथा सोही क्षेत्रफलमा भएका पानीका स्रोतहरूको प्रयोग गर्ने,

२. सेफ इल्ड १ क्यूसेक भन्दा बढी सतही पानीको स्रोत र सो पानीको स्रोतको सम्पूर्ण भाग सुख्खा समयमा आपूर्ति गर्ने,

३. भूमिगत पानीको स्रोत विकासका लागि कूल एक्यूफरको ५० प्रतिशतभन्दा बढी रिचार्ज गर्ने,

४. खानेपानी आयोजना सञ्चालन गर्नको लागि १०० जनाभन्दा बढी जनसंख्या विस्थापित गर्ने,
५. पानीको स्रोतको माथिल्लो भागमा ५०० जनाभन्दा बढी जनसंख्याको बसोवास गराउने,
६. पचास हजारभन्दा बढी जनसंख्यालाई खानेपानी आपूर्ति गर्ने,
७. एक लाखभन्दा बढी मानिसहरूलाई खानेपानी आपूर्ति नयाँ स्रोत जोड्ने,
८. जैविक एवं रासायनिक प्रदूषणहरू हुने पोयन्ट तथा नन् पोयन्ट स्रोतहरू वा तिनबाट प्रभावित हुन सक्ने भूमिगत जलस्रोतको ओभर माइनिङ्ग गर्ने,
९. प्रति सेकेन्ड २५ लिटरभन्दा बढी पानीको स्रोत उपयोग गर्ने खानेपानी स्रोतसम्बन्धी बहुउद्देश्यीय आयोजना सञ्चालन गर्ने,

**(ओ) फोहर मैला व्यवस्थापन क्षेत्र**

१. १० हजारभन्दा बढी जनसंख्यालाई टेवा पुऱ्याउने उद्देश्यले सञ्चालन हुने फोहरमैला व्यवस्थापन गर्ने,
२. घर एवं आवास क्षेत्रहरूबाट निस्कने फोहरमैलाको सम्बन्धमा देहायको कामगर्ने:
   (क) वार्षिक ५,००० टनभन्दा बढी फोहरमैला जमीनमा भर्ने,
   (ख) १० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरिया सम्बन्धी काम गर्ने,
   (ग) १० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको रसायन, यान्त्रिक वा जैविक तरीकाबाट फोहरमैला छनौट, केलाउने, तह लगाउने र पुनः प्रयोग गर्ने,
   (घ) १० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको कम्पोष्ट प्लान्ट सम्बन्धी काम गर्ने,
   (ङ) कम्तीमा दश हजार जनसंख्या भएको शहरी क्षेत्रबाट निस्कने फोहरमलौ गाड्ने काम गर्ने,

३. देहायको प्रकृति र जुनसुकै स्तरका खतरापूर्ण फोहरमैला सम्बन्धी देहायका निर्माणसम्बन्धी काम गर्ने,
   (क) फोहरमैला संयन्त्र निर्माण,
   (ख) फोहरमैला रिकोभरी प्लान्ट निर्माण,

(ग) फोहरमैला भर्ने, थुपार्ने वा गाड्ने ठाउँको निर्माण,

(घ) फोहरमैला भण्डार गर्ने ठाउँको निर्माण,

(ङ) फोहरमैला ट्रिटमेन्ट सुविधाको निर्माण ।

४. घातक फोहर पदार्थहरू सम्बन्धी देहायका काम गर्ने -

(क) २५ वर्षभन्दा बढी आधा आयु भएको कुनै पनि रेडियोधर्मी वस्तुहरूको निष्कासन र व्यवस्थापन गर्ने,

(ख) ५० लेथल डोज भएको कुनै पनि रेडियोधर्मी बस्तुहरूको निष्कासन र व्यवस्थापन गर्ने,

(ग) कम्तीमा २५ शैया भएको स्वास्थ्य केन्द्र वा अस्पताल वा नर्सिङ्ग होमबाट निस्कने जैविक घातक पदार्थहरूको अन्तिम निष्कासन व्यवस्थापन गर्ने,

(घ) कुनै पनि घातक पदार्थलाई भस्म वा पुनः प्रयोग गर्नको लागि एक हेक्टर वा सो भन्दा बढी क्षेत्रफल र उर्जा सम्बन्धी कुनै काम गर्ने,

## ८.३ फोहरमैला व्यवस्थापन ऐन, २०६८

यस ऐनले फोहरमैलाको सङ्कलन, व्यवस्थापन, सेवा शुल्क निर्धारण लगायत मुख्य रूपमा निम्नानुसारका व्यवस्थाहरू गरेको छ, जसले सम्बन्धित निकायहरूलाई आफ्नो जिम्मेवारी निर्वाह गर्नको लागि निश्चित् क्षेत्राधिकार तोकेको छ ।

- फोहोरमैला उत्पादन, सङ्कलन, न्यूनीकरण तथा निष्काशन सम्बन्धी व्यवस्था
- स्थानान्तरण केन्द्र तथा फोहरमैला व्यवस्थापन स्थल सम्बन्धी व्यवस्था
- फोहरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता
- फोहरमैला व्यवस्थापन सेवा शुल्क सम्बन्धी व्यवस्था
- प्रदूषण नियन्त्रण तथा फोहरमैला व्यवस्थापन कार्यको अनुगमन सम्बन्धी व्यवस्था
- फोहरमैला व्यवस्थापन परिषद् सम्बन्धी व्यवस्था (स्थानीय विकास मन्त्रीको अध्यक्षतामा)
- फोहारमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र सम्बन्धी व्यवस्था

- कसूर तथा सजाय

## ८.४ फोहरमैला व्यवस्थापन नियमावली, २०७०

यस नियमावलीमा फोहरमैलाको जैविक र अजैविक बर्गीकरण, फोहरमैलाको ढुवानी, फोहरमैला व्यवस्थापनका लागि अनुमतिपत्रको व्यवस्था, फोहरमैला व्यवस्थापनको सेवा शुल्क निर्धारण, फोहरमैला व्यवस्थापन प्रभावित क्षेत्रमा समिति गठन गर्ने, फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन, फोहरमैला व्यवस्थापन स्थल बन्द पश्चातको व्यवस्थापन लगायतका विषयमा विभिन्न व्यवस्था गरिएको छ । फोहरमैला व्यवस्थापनका क्षेत्रमा सुशासन कायम गर्नका लागि यी व्यवस्थाहरूको महत्व रहेको छ ।

**४. फोहरमैलाको निष्काशन :**

(१) स्थानीय निकायले फोहरमैला निष्काशनको समय, स्थान र तरिका निर्धारण गर्दा फोहरमैला ढुवानी, प्रशोधन र अन्तिम विसर्जनका लागि सजिलो हुने गरी निर्धारण गर्नु पर्नेछ ।

(२) स्थानीय निकायले प्रशोधन स्थलमा लैजानु पर्ने फोहरमैलाका लागि छुट्टै समय, स्थान र तरिका समेत निर्धारण गर्न सक्नेछ ।

(३) स्थानीय निकायले उपनियम (१) र (२) बमोजिम फोहरमैला निष्काशन तथा सोको व्यवस्थापनका लागि समय, स्थान र तरिका निर्धारण गर्दा जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणका उपायहरू समेतलाई ध्यान दिनु पर्नेछ ।

# ९. खानेपानीसम्बन्धी विवाद व्यवस्थापन

खानेपानी तथा सरसफाइको विषयमा विभिन्न नीतिगत, कानुनी र संस्थागत सुशासनका व्यवस्थाहरू गरिएको भए पनि यस विषयमा विभिन्न तहमा विभिन्न किसिमका विवादहरू सिर्जना भइरहेका हुन्छन् । त्यस्तै खानेपानी तथा सरसफाइको सेवासँग सम्बन्धित विषयमा विभिन्न गुनासाहरू पनि रहेका हुन्छन् । यस्ता विवाद तथा गुनासाहरू सुनुवाई गरी समयमा नै निर्णय गर्ने र न्याय दिने र पाउने कुरा पनि सुशासनको एउटा महत्वपूर्ण विषय हो । नेपालमा खानेपानी तथा सरसफाइसम्बन्धी विषयमा उजुरी तथा निवेदन दिने र यस विषयमा सुनुवाइ गर्नका लागि विभिन्न कानुनी व्यवस्थाहरू गरिएको छ, त्यसमध्ये केही मुख्य व्यवस्थाहरू निम्न अनुसार रहेका छन् :

## ९.१ उजुरी तथा गुनासा सुनुवाइ गर्ने निकायहरू

निम्न विषयमा उजुरी तथा गुनासो सुनुवाइ गर्ने निकायहरू निम्न अनुसार रहेका छन् :

| उजुरी तथा गुनासाको प्रकृति | सुनुवाई गर्ने निकाय |
|---|---|
| जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा । | जलस्रोत उपयोग जाँचबुझ समिति |
| उपभोक्ता संस्थाले विकास तथा सञ्चालन गर्ने परियोजनाको स्रोत उपयोग गर्ने सम्बन्धमा विवाद उत्पन्न भएमा । | स्रोत उपयोग विवाद निरूपण समिति |
| कसैले बदनियतसाथ कुनै खानेपानीको मुहान र बाँध वा जलस्रोतको उपयोगसित सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने वा अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा । | जिल्ला जलस्रोत समिति |
| खानेपानी प्रदुषण गरेमा वा यस्तो प्रदुषणका कारण कुनै क्षति भएमा । | प्रमुख जिल्ला अधिकारी |
| खानेपानीको मुहान तथा स्रोत बाँडफाँडको विषयमा विवाद भएमा । | गा.वि.स र न.पा.को मध्यस्थ समिति |
| खानेपानीको विषयमा विवाद भइ अशान्ति फैलिने अवस्था भएमा । | प्रमुख जिल्ला अधिकारी |

## ९.२ खानेपानीसम्बन्धी विवाद व्यवस्थापन गर्ने निकायहरू

नेपालमा खानेपानी तथा सरसफाइसम्बन्धी विवादहरूलाई कुन निकायले र कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा विभिन्न कानुनी व्यवस्थाहरू गरिएको छ, जसमध्ये आधारभूत व्यवस्थाहरू निम्न अनुसार रहेका छन् :

| कानुनहरू | प्रावधान | विवाद हेर्ने निकाय/अधिकारी |
|---|---|---|
| जलस्रोत नियमावली २०५० | नियम २८ | जलस्रोत उपयोग जाँचबुझ समिति |
| खानेपानी नियमावली २०५५ | नियम २३ | स्रोत उपयोग विवाद निरूपण समिति |
| जलस्रोत ऐन २०४९ | दफा २१ | जिल्ला जलस्रोत समिति |
| वातावरण संरक्षण नियमावली २०५४ | नियम ४५ | प्रमुख जिल्ला अधिकारी |
| स्थानीय स्वायत्त शासन ऐन २०५५ | दफा ३३ र १०१ | गा.वि.स र न.पा.को मध्यस्थ समिति |
| स्थानीय प्रशासन ऐन २०२८ | ६ | प्रमुख जिल्ला अधिकारी |

आफ्नो क्षेत्रमा हुने खानेपानी सम्बन्धी विवाद समाधानका लागि प्रभावित पक्षहरूले विवादको प्रकृति अनुसार माथि उल्लेखित निकायहरूमा निवेदन गर्न सक्दछन् । त्यस्ता विवादहरूका विषयमा यी निकायहरूले उक्त कानुनमा उल्लिखित कार्यविधि अपनाई खानेपानी विवादको समाधान गर्नु पर्दछ ।

## ९.३ खानेपानी विवादमा सर्वोच्च अदालतका फैसलाहरू

खानेपानीसम्बन्धी विवादहरूका विषयमा सर्वोच्च अदालतबाट पनि विभिन्न फैसलाहरू भएका छन्, त्यसमध्ये केही महत्वपूर्ण फैसलाहरू निम्न अनुसार रहेका छन् :

- कुनै एउटा क्षेत्रमा भएको पानीलाई सोही क्षेत्रका मानिसहरूले मात्र उपयोग गर्ने र अन्य क्षेत्रका मानिसहरूले उपयोग गर्न नपाउने भन्न नमिल्ने,
- स्रोत एउटै भएपनि खानेपानीको अधिकारलाई प्रतिकूल असर नपर्ने गरी सिंचाईको लागि पानी अन्यत्र लैजान सकिने,
- कुनै व्यक्तिको जग्गामा पानी भएको आधारमा पानीको श्रोतमा व्यक्तिगत दावी गर्न नपाइने ।

# १०. निष्कर्ष

खानेपानी तथा सरसफाइका क्षेत्रमा सुशासन स्थापना एवं कायम गर्नका लागि विभिन्न कुराहरूको भूमिका र प्रभाव रहेको हुन्छ। खानेपानी तथा सरसफाइमा सुशासन कायम गर्नमा बाह्य प्रभावको पनि भूमिका रहेको हुन्छ भने साझेदारहरूका बीचको सम्बन्धले पनि प्रभाव पारेको हुन्छ। समुदाय, नागरिक समाज, दातृ संस्थाहरूको दवावले पनि सुशासनको ढाँचामा प्रभाव परिरहेको हुन्छ। दिगोपना र एकीकृत स्रोत व्यवस्थापनका शिलशिलामा थुप्रै क्षेत्रगत नीति तथा कानुनहरूले खानेपानी तथा सरसफाइ सुशासनमा प्रभाव पारिरहेको हुन्छ।

खानेपानी तथा सरसफाइका क्षेत्रमा सुशासन सुदृढ गर्नका लागि खासगरी राजनीतिक प्रतिबद्धता, जलस्रोतको एकीकृत स्रोत व्यवस्थापन, खानेपानी तथा सरसफाइका क्षेत्रमा क्रियाशिल संस्थाहरूको संस्थागत सुधार र आर्थिक एवं वित्तीय प्रणालीमा सुधार हुनु आवश्यक छ।

नेपालमा खानेपानी तथा सरसफाइको क्षेत्रमा कानुनी र नीतिगत व्यवस्थाको कमी रहेको छैन। यस क्षेत्रमा नागरिक समाज, सरकार र दातृ संस्थाहरूको पर्याप्त सहयोग र सहकार्य रहेको छ। तथापि, खानेपानी र सरसफाइको क्षेत्रमा सुशासनको अवस्था कमजोर रहेको छ।

यसरी यस क्षेत्रमा सुशासन कमजोर हुनुको मुख्य कारण खानेपानीको शुल्क, यस क्षेत्रका लागि प्राप्त हुने अनुदान र पानीको मूल्यका बारेमा कानुनी अन्यौलताहरू रहनु हो। खानेपानीको स्रोत संरक्षक र पानी उपभोक्ताहरूका बीचको सम्बन्ध कसरी व्यवस्थित गर्ने भन्ने वारेमा पनि नीतिगत र कानुनी अस्पष्टताहरू रहेकाले सुशासन सुदृढ हुन सकेको छैन।

सरकारी निकायहरूका बीचको क्षेत्राधिकार र पानीको स्वामित्वको विषयमा रहेका विद्यमान विवादहरू समाधान हुन नसक्नु पनि सुशासनको चुनौति हो।

नेपालमा सरकार, समुदाय, निजी क्षेत्र र सार्वजनिक संस्थाहरू समेत खानेपानी तथा सरसफाइ सेवा आपूर्तिमा संलग्न रहेका छन् । तथापि, यी सबैका लागि लागु हुने किसिमको एकीकृत खानेपानी तथा सरसफाइ कानुनको अभाव रहेको छ, त्यसैले नेपालमा एकीकृत खानेपानी तथा सरसफाइ कानुन तर्जुमा हुन सकेमा मात्र यस क्षेत्रमा सुशासन कायम हुन सक्दछ ।

## सन्दर्भ सामग्री

खनाल, दिलराज र वन्त, अनिला, २०६९, 'नेपालमा खानेपानी र सरसफाइमा बालबालिका, महिला तथा सामाजिक बहिष्करणमा परेका व्यक्तिहरूको अधिकार', खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल, काठमाण्डौ

खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल, २०६७, 'खानेपानी तथा सरसफाइका सवालमा जनवकालत रणनीति २०६७-२०६९', खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल, काठमाण्डौ

दक्षिण एशियाली राष्ट्रहरूकोख पाचौं सरसफाइ सम्मेलनको समाचारपत्र

'SACOSAN-V NEWSLETTER', Issue 4, 25 October 2013.

सिवाकोटी, गोपाल, 'चिन्तन' २०६७, 'जल तथा उर्जासम्बन्धी ऐन नियम संग्रह, जल तथा उर्जा उपभोक्ता महासंघ नेपाल, काठमाण्डौ

WaterAid Nepal, 2005, *Water Laws in Nepal,* Kathmandu, Nepal

Global Water Partnership, 2013, *Effective Water Governance*, (ed. Peter Rogers and Alan W Hall), Background Paper 7, Sweden

कानुनका प्रतिहरू

नेपाल कानुन सुधार अयोगको बेबसाइट

www.lawcommission.gov.np

नेपाल सरकार शहरी बिकास मन्त्रालयको बेबसाइट

http://www.moud.gov.np/nepali/acts-and-regulations.php

संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको वेवसाइट

http://www.mofald.gov.np/documents.php?id=29